# परिच्छेद : एक

# परिचय

## १.अध्ययनको पृष्ठभूमि

शिक्षाको सुरुवात मानवीय सभ्यताको विकास संगसगै भएको पाइन्छ । ज्ञान तथा सीपहरुको आर्जन गर्नुनै शिक्षा हो । शिक्षा प्राप्त गर्ने विभिन्न माध्यमहरु छन । शिक्षाको आदान प्रदानको माध्यम मात्र फरक फरक छन । आवश्यकता अनुसार शिक्षा फरक तवरबाट दिने गरिन्थ्यो । साथै शिक्षा लिने दिने क्रममा अनौपचारिक रुपमा स्वतन्त्र र समानताको आधारमा शिक्षा आदान प्रदान गरेको पाईन्छ । औपचारिक शिक्षा प्राप्त गर्ने थलोका रुपमा विद्यालयलाई आधार मानिन्छ । यसरी शिक्षा आदान प्रदान गर्ने प्रक्रियालाई शिक्षण भन्ने गरीन्छ । मानवीय जीवनलाई सरल सहज समयानुकूल समायोजन बनाउदै लैजान शिक्षाको आवश्यकता पर्दछ ।

यस्तो शिक्षा आदान प्रदान गर्नलाई शिक्षण कार्य जरुरी छ । शिक्षण पनि मानवीय ज्ञान, सीप, क्षमता, योग्यता, ब्यवहार, मूल्य, मान्यता र गुणहरुको विकास गराउन सकिन्छ भन्ने तर्फ लक्षित हुनु पर्दछ । यी गुणहरु प्राप्त गर्ने गरी शिक्षण गर्नकालागि प्रभावकारी शिक्षण पनि त्यतिकै जरुरी पर्दछ । प्रभावकारी शिक्षणकालागि विद्यालयको कुशल, ब्यवस्थापन, शैक्षिक सामाग्रीको पर्याप्तता शिक्षक विद्यार्थी सवै भएर मात्र पुग्दैन कक्षाकोठा भित्र र बाहिर उपर्युक्त शिक्षण विधि अपनाएर शिक्षण कार्य हुनु जरुरी पर्दछ । यसकालागि सहजै भन्ने गरिन्छ तालिम प्राप्त शिक्षक हुनुपर्दछ तर तालिम प्राप्त शिक्षकको पनि इच्छाशक्ति नभएमा उपयुक्त शिक्षण विधि अपनाउन गाह्रो छ । आजको एक्काइसौं सताब्दीमा पनि पुरानै शिक्षक केन्द्रित शिक्षण विधि अपनाउनुनै समस्याको रुपमा देखापरेको छ । विद्यार्थी केन्द्रित विधि अपनाउदा र शिक्षक केन्द्रित विधिनै गराई राख्दा शैक्षिक उद्देश्य हासिल गर्नकालागि आवश्यक पर्ने सिकाइ उपलब्धिमा प्रभाव पारेको अवस्य छ ।

बालबालिकाको धारणामा परिवर्तन ल्याउनु शिक्षण हो भने यस्तो विचारमा स्थायी परीवर्तन ल्याउन शिक्षण विधिको आवश्यकता पर्दछ । उपयुक्त शिक्षण विधि विना प्रभावकारी शिक्षण पनि हुन सक्दैन र प्रभावकारी शिक्षण नभई सिकाइ उपलब्धि पनि हुन सक्दैन ।

त्यसकारण पनि शिक्षण विधिका ती समस्याहरुको अध्ययन गरी समस्या समाधान गर्नुपर्ने देखिन्छ । त्यसैगरी विभिन्न तालिमको माध्यमबाट शिक्षण पेशालाई कक्षाकोठामा कराउने काम मात्र नभएर शिक्षण पेशा त एउटा तालिम दिने थलोका रुपमा लिनुपर्दछ । त्यसकालागि प्रभावकारी शिक्षण हुनु जरुरी पर्दछ । प्रभावकारी शिक्षण गर्नकालागि उपयुक्त वाताव।णमा उपयुक्त शिक्षण विधि अपनाएर शिक्षण गर्नु पर्दछ । त्यसैले शिक्षण गर्दा उपयुक्त शिक्षण विधिहरु प्रयोगमा ल्याउनु पर्दछ । यसरी औपचारिक शिक्षामा शिक्षण विधिले सिकाई उपलब्धिमा प्रभावकारी भूमिका खेलेको हुन्छ । शिक्षण कक्षाकोठाको वातावरणमा निर्भर गर्दछ । सिकाइ उपलब्धि प्राप्त गर्न शिक्षण विधिको आवश्यकता अनुरुप प्रयोग गर्नुपर्दछ । त्यसैले शिक्षण गर्छु भन्ने शिक्षक एउटा मञ्चको प्राकृतिक निर्माता मात्र हो, सामग्री र सुअवसरहरु प्रदान गर्ने दाता मात्र हो र प्राकृतिक विकासको वातावरण निर्माण गर्ने निर्माता मात्र हो ( शर्मा एण्ड शर्मा २०६३ ) ।

त्यसैले शिक्षकले आवश्यकता अनुरुपको शिक्षण विधि प्रयोग गरेर शिक्षण पेशालाई अपनाएमा सिकाइ उपलब्धि राम्रो हुन सक्छ । शिक्षाका क्षेत्रमा यति धेरै लगानी भएर पनि त्यसमा पनि प्राथमिक तहको शिक्षामा सवैभन्दा बढी लगभग ६० प्रतिशत विद्यालय तहको बजेट प्राथमिक तहमा लगानी छ ( काफ्ले २०६५ ) । त्यति भएर पनि सिकाइ उपलब्धि प्रभावकारी हुन सकिरहको छैन । यो नै समस्याको रुपमा रहेको छ । त्यसकारण “प्राथमिक तहमा शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव” अध्ययन गर्न लागिएको हो । विद्यालयको भौतिक पूर्वाधार राम्रो भएर, शैक्षिक सामाग्री प्रर्याप्त भएर पनि उपयुक्त शिक्षण विधिको प्रयोग गर्न सकिएन भने सिकाइ उपलब्धि राम्रो नहुन सक्छ । अनुकूल वातावरणमा उपयुक्त शिक्षण विधिको प्रयोग गरेर शिक्षण गरेमा विद्यार्थीहरुले चाडो प्रगति गर्न सक्दछन् ( काफ्ले २०६५ ) ।

विद्यार्थीमा व्यवहारिक परिवर्तन गर्न शिक्षण विधिको महत्वपूर्ण भूमिका रहन्छ । कक्षाकोठाको शिक्षणमा उपयुक्त शिक्षण विधि भएन भने सिकाइ उपलब्धि हासिल गर्न असम्भव हुन्छ । शिक्षण गर्दा अहिले आएर शिक्षकले पढाउने कार्यभन्दा पनि वाताव।णलाई सहजीकरण गर्ने कार्यलाई ज्यादा प्राथमिकता दिनुपर्ने देखिन्छ । शिक्षण विधि भनेको कुन माध्यमको प्रयोगले

शिक्षण क्रियाकलाप शिक्षकले कक्षाकोठामा गर्दछ । शिक्षकले विद्यार्थीलाई सिकाउने प्रयास भन्दा पनि सिक्ने वातावाणको सिर्जना गर्नु पर्दछ । विद्यार्थी समक्ष सरल र प्रभावकारी ढंगले शिक्षण गरिएन भने सिकाइ उपलब्धि पनि हुन सक्दैन । त्यस्तो शिक्षण विधिको प्रयोग गरिनुपर्दछ जसले ज्ञान, सिप र अभिवृद्धिको विकास विद्यार्थीमा गराउन सकोस । विद्यार्थीको रुचि, उमेर, स्तर तथा अध्यापन गराइने विषयको प्रकृति र स्वरुप अनुसार शिक्षण विधि अपनाउनु पर्दछ । शिक्षण विधिको छनोट गर्दा शिक्षाका उद्देश्यहरु, विषयवस्तु र पाठको प्रकृति, विद्यार्थीको पूर्व ज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर, भौतिक सुविधा तथा अवस्था, उपलब्ध शिक्षण सामाग्रीहरु, शिक्षकको आफ्नो क्षमता, कुशलता, रुचि र कार्यवोझ इत्यादि समेतको ख्याल गर्नुपर्दछ । शिक्षणका समस्याहरुलाई व्यवस्थित बनाई समाधान गर्नु शिक्षण सिकाइलाई अन्तर्क्रियात्मक प्रणालीबाट सरल बनाउनु, जटिल वातावाणमा समायोजित हुनसक्ने ज्ञान र सीप प्रदान गर्नु ,नयाँ-नयाँ ज्ञानको विस्फोट गराउनु स्थानीय तहमा प्राप्त सामाग्रीहरुको अत्याधिक प्रयोग गराई सिकाइलाई प्रभावकारी बनाउन र शिक्षण व्यवस्थालाई वैज्ञानिक र व्यवस्थित बनाई उद्देश्यपूर्ण शिक्षण क्रियाकलापकालागि उपयुक्त शिक्षण विधि कस्तो हुनुपर्दछ ? सिकाइ उपलब्धि ज्यादा गर्नकालागि कुन प्रकारको शिक्षण विधि अपनाउदा ठीक हुन्छ भन्ने विषयमा अध्ययनले सहयोग पुऱ्याउने कुरामा दुईमत छैन ।

योजनाबद्ध विकासको सुरुवात २०१३ सालमा भए यता प्रत्येक योजनामा शिक्षासँग सम्बद्ध नीति र कार्यक्रम मात्र व्यवस्था रहेको पाइन्छ । प्राथमिक शिक्षालाई अनिवार्य गर्दै मातृभाषामा नै प्राथमिक शिक्षा उपलब्ध गराउने, पिछडिएका समुदायको प्राथमिक शिक्षामा पहुंच बढाउने, विद्यालय व्यवस्थापनमा स्थानीय सरोकारवालाहरूलाई संलग्न गराउने साथै छात्राहरूको भर्नादर वढाउन विभिन्न प्रयासहरू गर्ने उपयुक्त शिक्षण विधिको माध्यमले शिक्षाणलाई विकशित गर्ने कुरा नवौं योजनामा उल्लेख भएको पाइन्छ ( नवौ योजना, २०५४-२०५९ ) ।

शिक्षाको पहुँच प्रत्येक वर्ग तथा तहका जनसमुदायसम्म पुऱ्याउने, शिक्षामा गुणस्तर अभिवृद्धि गर्ने, स्थानीय निकायलाई शैक्षिक विकास प्रक्रियामा सक्रिय सहभागी गराउने, लैङ्गिक समानता सुनिश्चित गर्ने, निम्न, मध्यम तथा उच्चस्तरीय जनशक्ति उत्पादन गरी शैक्षिक संस्थाहरूलाई उत्कृष्ट प्राज्ञिक केन्द्रको रुपमा विकास गर्ने दीर्घकालीन सोच राख्दै, महिला, दलित, अपाङ्ग र पिछडिएको वर्गको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरूको

पहुँच बढाउन विशेष कार्यक्रम संचालन गर्ने दीर्घकालीन अवधारण राखेको छ भने “सवैका लागि शिक्षा”को सन्दर्भमा महिला तथा अपाङ्गको लागि शिक्षाको अवसरहरूमा पहुँच वढाउन विशेष व्यवस्था गर्ने उद्देश्य राखेको पाइन्छ ( दशौं योजना,२०५९-६४ ) ।

त्यसकारण शिक्षकले शिक्षण सिकाइमा उपयुक्त विधिको प्रयोग गर्दा विषयवस्तुको प्रस्तुतीकरण प्रभावकारी रुपमा गर्दै विभिन्न कौसलताको प्रयोग गरी शिक्षण गर्नुपर्ने हुन्छ । शिक्षण विधि बिना प्रभावकारी शिक्षण पनि हुन  सक्दैन र प्रभावकारी शिक्षण नभई सिकाइ उपलब्धि पनि हुन सक्दैन ( शर्मा एण्ड शर्मा २०६३ ) । त्यसकारण शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्वन्धि अनुसन्धानले सिकाइलाई प्रभावकारी बनाउन र शिक्षामा उपलब्धि हासिल गर्ने कुरामा सहयोग गर्नेछ ।

## १.२. समस्याको कथन

अनुसन्धानको बिषय “शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव’’ रहेको छ । राज्यले समानता र समताका आधारमा निरक्षरता उन्मुलन गर्न, सवैका लागि शिक्षाको अवधारणा साकार पार्नकालागि शिक्षामा लगानी, प्रक्रिया र उत्पादनको नीति अपनाएको छ । शिक्षा प्रदान गर्नमा शिक्षकको भूमिका महत्वपूर्ण रहन्छ । यसरी शिक्षणलाई उपयुक्त र प्रभावकारी बनाउने काम शिक्षण विधिले गर्दछ ।। त्यसैले उपयुक्त शिक्षण विधिको छनोट गर्नु महत्वपूर्ण कुरा हो । यसरी प्राथमिक तहको शिक्षणमा उपयुक्त शिक्षण विधिको प्रयोग गरी शिक्षण क्रियाकलाप गराउनु पर्ने हुन्छ । कक्षाब्यवस्थापन ठीक छ तालिम प्राप्त शिक्षक छन् तर पनि शिक्षणमा प्रभावकारी शिक्षण विधि नभएर समस्या भएको पाइन्छ । तालिम प्राप्त शिक्षक भएर पनि प्रभावकारी शिक्षण विधिको प्रयोग नगर्दा समस्या आएको देखिन्छ । त्यसकारण शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव विषयमा अध्ययन हुनु जरुरी छ । यो नै अनुसन्धानको समस्याको रुपमा रहेको छ ।

## १.३. अध्ययनको औचित्य

शिक्षा क्षेत्रको समस्या समाधानकालागि अध्ययन अनुसन्धान गर्ने क्रममा शिक्षण विधिको पनि सिकाइ उपलब्धि प्राप्त गर्नमा महत्वपूर्ण भूमिका हुने भएकोले शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव विषयमा अध्ययन हुनु जरुरी देखिन्छ । अध्ययन अनुसन्धान त्यतिकै

गरिदैन कुनै पनि क्षेत्रको समस्या समाधानका लागि अध्ययन गरिने गरिन्छ । त्यसैगरी यस अनुसन्धानमा प्राथमिक तहमा शिक्षण विधिका सम्बन्धमा कुन प्रकारको शिक्षण विधि अपनाउदा ठीक हुन्छ र कस्तो प्रकारको शिक्षण विधिले ज्यादा उपलब्धि हासिल गर्न सकिन्छ भन्ने सम्बन्धमा अध्ययन हुने भएकोले यसको महत्व छ ।

प्राथमिक तहमा राज्यले धेरै लगानी गरेर पनि शिक्षाको लक्ष्य हासिल नहुनुका कारणहरु मध्ये शिक्षण विधि पनि एक हो । यो अध्ययनले राज्यलाई शिक्षा सम्बन्धी योजना निर्माणमा पनि सहयोगी हुनसक्छ । त्यसकारण पनि यसको महत्व ज्यादा छ । शिक्षण विधि प्रयोग गर्दा आउने समस्याहरु पत्ता लगाउने र ती समस्याहरुको समाधान समेतको खोजी गरिने हुँदा शिक्षकलाई शिक्षण विधि प्रयोगमा आउने समस्याका बारेमा समेत सहयोग पुग्ने छ । जसले गर्दा विद्यालयमा शिक्षण क्रियाकलाप गर्न साथै विद्यालय ब्यवस्थापन गर्न समेत सरल र सहज हुनुका साथै विद्यालय सञ्चालन गर्न प्रधानाध्यपकलाई र शिक्षक स्वयमलाई समेत सहयोग पुगी सिकाइ उपलब्धि बढाउन फाईदा पुग्ने हुँदा यो अनुसन्धानको महत्व छ ।

प्राथमिक तहमा अध्यापन विधि अपनाउदा शिक्षकले शिक्षण गर्दा शिक्षक केन्द्रित विधि भन्दा पनि विद्यार्थी केन्द्रित विधि अपनाउन जोड दिने र अनुसन्धानले त्यसको पुष्टी गर्ने हुनाले आधुनिक समयमा आएर विद्यार्थी स्वयमलाई सक्रिय बनाएर शिक्षण गर्दा प्रभावकारी हुने र सिकाइ उपलब्धि राम्रो भएर शिक्षाको अवसर सबैलाई प्राप्त भई शिक्षाको उद्देश्य पनि पुरा हुने भएकोले यो अध्ययनको महत्व छ । शिक्षा क्षेत्रमा रहेका समस्या मध्ये शिक्षण विधि पनि एक भएकोले र यस सम्बन्धमा अध्ययन अनुसन्धान नभएको कारणले पनि शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव विषयमा अध्ययन हुनु जरुरी छ ।

वालवालिकाको धारणामा परिवर्तन ल्याउनु शिक्षण हो भने यस्तो विचारमा स्थायी परीवर्तन ल्याउन प्रभावकारी शिक्षण विधिको आवश्यकता पर्दछ । उपयुक्त शिक्षण विधि बिना प्रभावकारी शिक्षण पनि हुन सक्दैन र प्रभावकारी शिक्षण नभई सिकाइ उपलब्धि पनि हुन सक्दैन त्यसकारण पनि शिक्षण विधिका वारेका धेरै समस्या छन् र ती समस्याहरुको अध्ययन गरी समस्या समाधानका सुझाव समेत दिइने हुनाले यो अध्ययनको महत्व छ ।

## १.४. अध्ययनको उद्देश्यहरु

शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव विषयको निम्न वमोजिमका उद्देश्यहरु रहेका छन् :

१. शिक्षण विधिको प्रयोगको अवस्था पहिचान गर्नु ।

२. शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव पत्ता लगाउनु ।

३. शिक्षण विधि प्रयोग गर्नमा रहेका समस्या पत्ता लगाइ समाधानका उपायहरु पत्ता लगाउनु ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरु

अनुसन्धान त्यत्तिकै गरिदैन कुनै पनि विषयमा रहेका समस्याको पहिचान गर्न, खोजी गर्ने साथै समस्या समाधानका तरिका पत्ता लगाउनकालागि गरीन्छ । त्यसकारण यी सवै कुराको अध्ययन अनुसन्धान गर्नकालागि निश्चयनै कुनै व्यक्ति, शिक्षक, अभिभावक सम्बद्ध पक्ष सँग अन्तर्वार्ता र प्रश्नावलीको माध्यमबाट प्रश्न गरिनु पर्दछ । शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि अध्ययनमा पनि निम्न बमोजिमका प्रश्नहरु छन :

१. शिक्षण विधिको प्रयोगको अवस्था कस्तो छ ?

२. शिक्षण विधिले सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

३. शिक्षण विधि प्रयोगमा कस्ता समस्याहरु छन ?

४. शिक्षण विधिमा प्रयोग रहेका समस्याका समाधानहरु के के हुन सक्दछन ?

## १.६. अध्ययनको परिसीमा

यो अनुसन्धान शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि अध्ययन भएकोले यसको क्षेत्र धनकुटा जिल्लाको गोलखाडी स्रोत केन्द्र भित्र रहेका २३ वटा सामुदायिक विद्यालयको शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धमा अध्ययन केन्द्रित छ । २०६५/२०६६ सालको विद्यार्थी भर्नालाई आधारमानी अध्ययन गरी त्यसवाट प्राप्त हुने सिकाइ उपलब्धि सम्वन्धमा अध्ययन गरिएको छ । शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि अध्ययन गरीरहदा शिक्षण विधि कसरी विद्यालयमा प्रयोग गरिरहेको पाइन्छ । सो

सम्बन्धमा अध्ययन गर्दा कुनै प्रभाव र प्रलोभन वेगर नै अध्ययन र अनुसन्धानका सीमित स्रोत र साधनका बावजुद पनि सत्य तथ्यका आधारमा अध्ययन सम्पन्न गरिएको छ ।

## १.७ शब्दहरुको परीभाषा

प्राथमिक तह :- सुरुको, थालनिको, प्रथम तहको शिक्षा सम्वन्धि तह ।

शिक्षण :- शिक्षकले सिकाउने, पढाउने काम ।

विधि :-काम कुरा गर्ने तरीका, प्रणाली रीती, शैली वा चाँजो पाँजो मिलाउने काम ।

शिक्षण विधि :- शिक्षण कियाकलाप र शिक्षक विद्यार्थी बीचको विषयगत अर्न्तकिया हो ।

शिक्षा :- १) विद्यालय, महाविद्यालय आदिमा र घरैमा पनि नियमित रुपमा अध्ययन गर्ने गराउने वा पढाइको चाजोपाजो मिलाउने काम, ज्ञान दिने वा लिने काम विद्या, सिकेर सुनेर वा अन्य कुनै पनि प्रकारले समाज र प्रकृतिद्वारा ग्रहण गरीने ।

सिकाइ :- सिक्ने काम, प्रक्रिया वा ढङ्ग ।

लब्धि :- प्राप्ति, लाभ, फाइदा ( उपलब्धि )

प्रभाव :- शिक्षण विधिले सिकाइ उपलब्धीमा पार्ने गुण वा असर ।

प्रविधि :- शिक्षण गर्ने कममा प्रयोगमा आउने विधि, प्रकिया,पद्धति, सीप, कौशलता हो ।

निरन्तर मुल्याङ्कन :- अवलोकनका आधारमा बारम्बार गरिने मुल्याङ्कन हो ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि अध्ययनकालागि सहयोगी हुने शिक्षण प्रक्रिया र शिक्षण विधि सम्बन्धका पुस्तक, लेख, सोध, दर्शन इत्यादि साहित्यको अध्ययन गर्दा शिक्षा सबैको अधिकार हो र शिक्षा प्राप्त गर्नका लागि सहज वातावरणको सिर्जना गर्नु सम्वद्ध सवैको दायित्व हो भन्ने नै ठहर छ । त्यसैले सवैका लागि शिक्षाको घोषणापत्रमा शिक्षा पाउनु सवैको अधिकार मानिएको छ । राज्यले निःशुल्क शिक्षा प्रदान गर्नुका साथै वालवालिकाको अन्तर्निहित क्षमताको विकास गर्ने प्रक्रियाबाट शिक्षण क्रियाकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ । शिक्षण पेशामा लागेका शिक्षकहरुलाई समयानुकुल विभिन्न प्रकारका तालिमको माध्यमबाट शिक्षण पेशालाई कक्षाकोठामा कराउने काम मात्र नभएर शिक्षण पेशा एउटा तालिम दिने थलोका रुपमा हुनुपर्छ । शिक्षण प्रक्रिया अन्तर्गत उपयुक्त विधिको प्रयोग गरिनु पर्दछ । शिक्षण विधि अथवा अध्ययनको मूल मर्मनै शिक्षण विधि भएकोले सो सम्बन्धमा रहेका सम्बद्ध साहित्यहरु निम्न बमोजिम छन ।

उपध्याय ( २०६१ ) ले तनहूँ जिल्लाको प्राथमिक विद्यालयहरुको शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने तत्वहरु एक अध्ययन भन्ने धनुसन्धनात्मक कृतिमा तनहूँ जिल्लाको प्राथमिक तहको कक्षा ५ मा अध्ययन गर्ने विद्यार्थीहरुको नेपाली, गणित, अंग्रेजी, सामाजिक र वातावरण शिक्षा विषयकमा औषत शैक्षिक उपलब्धिको स्तर पत्ता लगाउने, सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरुको पहिचान गर्ने र सिकाइ उपलब्धि स्तर अभिवृद्धि गर्ने उपायहरु प्रस्तुत गर्ने उद्देश्यहरु रहेका छन ।

प्रभावकारी शिक्षण गर्नका लागि शिक्षक तालिम, शिक्षकलाई आवश्यक पर्ने शैक्षिक सामाग्रीको ब्यवस्था गरिनु पर्ने, कक्षा छाड्ने दर घटाउन अभिभावकहरुमा चेतना जगाउने खालका कार्यक्रम सञ्चालन गर्ने, विद्यालयमा राजनितिक हस्तक्षेप हुन नदिने, सामुदायिक विद्यालयमा विद्यार्थीलाई आकर्षित गर्ने प्रोत्साहनका कार्यक्रमहरु ल्याइनु पर्ने सुझाव कार्यन्वयन भएमा विद्यार्थीको शैक्षिक उपलब्धि उच्च भई योग्य, निपूर्ण र दक्ष जनशक्ति निर्माण गर्ने

राष्ट्रको उद्देश्य पूरा हुनेछ भन्ने निष्कर्ष उक्त अनुसन्धानमा भएतापनि शिक्षण विधि सम्वन्धमा खासै उल्लेख गरिएको पाइएन ।

काफ्ले ( २०६३ ) ले शिक्षाका आधारहरु भन्ने पुस्तकमा शिक्षण क्रियाकलाप गर्दा विद्यार्थी केन्द्रित शिक्षण गरेमा विद्यार्थीले राम्ररी सिक्दछन । विद्यार्थीलाई उनीहरुकै इच्छा अनुसार समस्याको समाधानमा आफैं सहभागी भएर सिकाइमा भाग लिएमा प्रभावकारी शिक्षण हुन्छ र सिकाइ उपलब्धि पनि राम्रो हुन्छ । यसरी विद्यार्थी केन्द्रित प्रयोगात्मक विधिमा आधारित भएर शिक्षण क्रियाकलाप गर्नुपर्ने कुरामा जोड दिइएको पाईन्छ । यस सन्दर्भमा क्रियाकलापमा आधारीत शिक्षण विधिको प्रयोग गर्दा सिकाइ उपलब्धि राम्रो आउने र विद्यार्थीहरुलाई स्वतःस्फूर्त सिर्जनात्मक तवरबाट उनीहरुलाई सिक्ने वातावरण मिलाउने कार्य शिक्षकको हो । यसरी शिक्षकको आफ्नो स्वभाव अनुरुप पनि शिक्षण विधि अपनाउने गर्दछन । जसले गर्दा सिकाइ उपलब्धिमा प्रभाव पारेको देखिन्छ । अध्ययनको मूल मर्म शिक्षण विधि भएकोले दर्शनशास्त्रीहरुले आगमन, निगमन द्वन्द्वात्मक विधिमा विभाजन गरिएको पाईन्छ । घटना परिवेशको अवलोकन गरी वास्तविक कथनबाट सिद्धान्त प्रतिपादन गर्नुनै आगमन विधि हो । घटना परिवेशको अवलोकन गरी सामान्य कथनबाट वा सिद्धान्तवाट वास्तविक कथन निकाल्ने प्रयास निगमन विधि हो । त्यसरिनै वादविवादबाट सत्य पत्ता लगाउनु द्वन्द्वात्मक विधि हो । वालकको अन्तर्निहित शक्तिलाई बाहिर निकाल्नु शिक्षाको महत्वपूर्ण प्रक्रिया हो । व्यक्तिलाई ईश्वरीय देन मानेको छ । शिक्षा आत्मा, शरीर र बुद्धिको मात्र विकास नगरी सहयोगात्मक प्रकृतिको पनि विकास गराउने हुनुपर्दछ । शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि अध्ययनकालागि सहयोगी हुने शिक्षण प्रक्रिया र शिक्षण विधि अपनाएर शिक्षण गर्नुपर्ने देखिन्छ ।

थापा ( २०६६ ) ले धनकुटा जिल्लाको निम्न माध्यमिक शिक्षा उतिर्ण परीक्षाको परीणाममा प्रभाव पार्ने तत्वहरु भन्ने अनुसन्धानात्मक कृतिमा निम्न उद्देश्यहरु उल्लेख गरेका छन :- ३ वर्षको धनकुटा जिल्लाको निम्न माध्यमिक शिक्षा उतीर्ण परीक्षाको परिणामको लेखाजोखा गर्नू, परीक्षा परिणाममा न्यून तथा उच्च हुनुका कारणहरु लेखाजोखा गर्नू र परीक्षा परिणाममा उच्च बनाउने उपायहरु प्रस्तुत गर्नू रहेका छन् । उक्त अनुसन्धानको निष्कर्षमा परीक्षा परिणाममा न्यून हुने मुख्य कारण विषयगत दरवन्दी नहुनु, गणित विषयमा बढी अनुतीर्ण हुनुको कारण

तालिम प्राप्त शिक्षकको अभाव देखिनु, समग्र विषयमा समेत तालिम प्राप्त शिक्षकको अभावका कारण नतिजामा प्रभाव पर्नु, पेशाप्रति इमान्दार र प्रतिबद्ध शिक्षकको अभाव रहनु , व्यवहार परीवर्तन भन्दा पनि उतीर्ण गर्ने प्रबृत्ति हावी भएको जसले गर्दा विद्यार्थी, अभिभावक दुवैमा चोर्ने-चोराउने र जसरी पनि पास हुनुपर्ने मानसिकता देखिनु, शिक्षामा राजनीतिक हस्तक्षेप बढ्नाले पेसागत मर्यादामा आँच पुग्दछ भन्ने जस्ता पक्षहरु समग्रमा उद्देश्यमा आधारित भएर अध्ययन गरिएका छ । धनकुटा जिल्लाको निम्न माध्यमिक शिक्षा उतिर्ण परीक्षाको परीणाममा प्रभाव पार्ने तत्वहरु भन्ने उल्लेख भएतापनि शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव उल्लेख नभएको पाईन्छ ।

दशौं पञ्चवर्षीय योजना ( २०५९-०६४ ) राष्ट्रिय योजना आयोग नेपाल २०५९ को नवौं योजनाको समीक्षा शीर्षकमा शिक्षा सम्बन्धी विषयमा प्राथमिक शिक्षालाई अनिवार्य गर्दै मातृभाषामा शिक्षा उपलब्धि गराउने, पिछडिएका समुदायको प्राथमिक शिक्षामा पहुंच बढाउने, विद्यालय व्यवस्थापनमा स्थानीय सरोकारवालाहरूलाई संलग्न गराउने आदि नीति नवौं योजनाले लिएको थियो । विभिन्न शैक्षिक स्तरको लागि पनि खूद भर्नादर फरक हुनुको साथै शिक्षाको गुणस्तर पनि कमजोर रहेको छ । कक्षा बढ्दै गएपछि खूद भर्नादर घट्दै गएको देखिन्छ । प्राथमिक तहको खूद भर्नादर ८० प्रतिशत रहेकोमा यो माध्यमिक तहमा अत्याधिक रुपमा घट्न गई त्यसको ११.८ प्रतिशत मात्र रहेको पाइन्छ । यसले ठूलो जनसमूह साक्षर भएको तर सीपयूक्त जनशक्तिको लागि आवश्यक ज्ञानको अभाव रहेको देखिएको छ । यो तथ्यले माध्यमिक शिक्षालाई वढाउनुपर्ने र कक्षा बीचैमा छाडेका तर बढी उमेर भएका व्यक्तिहरूका लागि अनौपचारिक शिक्षाको व्यवस्था मिलाउनु पर्ने देखिएको छ । खुद भर्ना दरको सम्बन्धमा समानतालाई पनि उत्तिकै महत्व दिनु आवश्यक छ । प्राथमिक तहमा भर्ना दरको लागि लैङ्गिक समानताको अनुपात ०.८४ भन्दा कम छ । लैङ्गिक समानता कायम गर्न छात्राको लागि विशेष गरेर प्राथमिक तहमा छात्रवृत्तिहरू प्रदान गरिदै आएको भएपनि ५० प्रतिशत महिला शिक्षिका पुऱ्याउने लक्ष्य तर्फ भने २६ प्रतिशत मात्र पुगेको देखिन्छ । मुलुकको चौतर्फि बिकासकालागि शिक्षालाई प्रमुख माध्याम का रुपमा लिइएको छ । सबैका लागि शिक्षा र बिकासका निमित्त शिक्षाका अवधारणाहरुलाई आत्मसाथ गरी शिक्षालाई राष्ट्रको यथार्थ संग गाँसेर उपलब्ध स्रोत र साधनको समुचित प्रयोगबाट मात्र मुलुकको विकासलाई अघि बढाउन

सकिन्छ सवैकालागी शिक्षा र शिक्षाको अवसर सवैलाई पुऱ्याउन शिक्षा शिक्षणमा पनि महत्वपूर्ण भूमिका रहन्छ । प्राथमिक तहको खुद भर्नादर ९० प्रतिशत पुऱ्याउने, महिला शिक्षिकाको अनुपात ३० प्रतिशत पुऱ्याउने, प्रतिवर्ष ४ लाख ५० हजार बालबालिकालाई पौष्टिक आहार उपलब्ध गराउने, महिला र पिछडिएको वर्गका बालबालिकालाई छात्रवृत्ति दिएर भएपनि विद्यालयको अवसर दिलाउने विद्यालयमा शिक्षण सिकाइ गर्दा उपलब्धि हुने तरिकाले गर्नुपर्ने । शिक्षामा महिला, दलित एवम पिछडिएका वर्गहरुको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनिहरुको पहुँच बढउन थप कार्यक्रमहरु सञ्चालन गर्ने । सवैकालागि शिक्षा पुऱ्याउन विशेष सिकाइ आवश्यकता भएका वर्गकालागी विशेष शिक्षाको अवधारणा अनुरुप शिक्षाका कार्यक्रमहरु समाहित गरी एकीकृत शिक्षा पद्धतिको विकास गर्ने । शिक्षाको पहुँच प्रत्येक वर्ग तथा तहका जनसमुदायसम्म पुऱ्याउने, शिक्षामा गुणस्तर अभिवृद्धि गर्ने, स्थानीय निकायलाई शैक्षिक विकास प्रक्रियामा सक्रिय सहभागी गराउने, लैङ्गिक समानता सुनिश्चित गर्ने, निम्न, मध्यम तथा उच्चस्तरीय जनशक्ति उत्पादन गरी शैक्षिक संस्थाहरूलाई उत्कृष्ट प्राज्ञिक केन्द्रको रुपमा विकास गर्ने दीर्घकालीन सोच राख्दै, महिला, दलित, अपाङ्ग र पिछडिएको वर्गको अवस्थालाई ध्यानमा राखि गुणस्तरीय शिक्षामा उनिहरूको पहुच बढाउन विशेष कार्यक्रम संचालन गर्ने दीर्घकालीन अवधारण राखेको छ भने “सवैका लागि शिक्षा”को सन्दर्भमा महिला तथा अपाङ्गको लागि शिक्षाको अवसरहरूमा पहुँच वढाउन विशेष व्यवस्था गर्ने उद्देश्य राखेको पाइन्छ ( दशौं योजना,२०५९-६४ ) । इत्यादी ब्यवस्था गरिएको भएता पनि शिक्षण विधि अपनाउने सम्बन्धम दशौं पञ्चवर्षीय योजना कही कतै उल्लेख गरिएको छैन ।

दुलाल (२०६६ ) ले मोरङ्ग जिल्लाको निम्न माध्यमिक तह विज्ञान विसयको शिक्षण सिकाइमा तालिम प्राप्त र अप्राप्त शिक्षक वीच शैशिक सामाग्री प्रयोगमा तुलना भन्ने अनुसन्धानात्मक कृतिमा शिक्षणलाई उद्देश्यमूलक र प्रभावकारी वनाउन आवश्यक पर्ने थप कार्यदक्षता उपलब्ध गराउन प्रयोगमा ल्याइएको साधन तालिम हो । ब्यवहारिक रुपमा शिक्षण गर्नकालागि शिक्षणका विषयवस्तुको राम्रोज्ञानका साथै गुणस्तरीय तालिम आवश्यकता पर्दछ । तालिमले तोकेको जिम्मेबारी पूरा गराउनको लागि आवश्यक ज्ञान, सीप र अभिवृत्तिमा परिवर्तन ल्याउन सहयोग पुऱ्याउछ । तालिम प्राप्त शिक्षककहरुबाट मात्र प्रभावकारी शिक्षण सम्भव हुन्छ । सीमित स्रोत र साधनहरुलाई अत्याधिक उपयोग गरी गुणस्तरीय शिक्षा प्रदान

गर्न शिक्षकको उत्तरदायित्व एवं भूमिका महत्वपूर्ण हुन्छ । उक्त अनुसन्धनमा तालिम प्राप्त र अप्राप्त शिक्षकको शिक्षण क्रियाकलापमा भएको भिन्नता लेखाजोखा गर्ने, तालिम प्राप्त र अप्राप्त शिक्षकहरुबीच शैक्षिक सामाग्रीको निर्माण र प्रयोग तुलना गर्ने , तालिमको प्रभावकारिता पत्ता लगाई सम्बन्धित व्यक्ति तथा संस्थालाई सुझाव दिने उद्देश्य रहेको र सुझावका रुपमा तालिम अप्राप्त शिक्षकलाई तालिमको अवसर दिइनुपर्ने, तालिम लिएका पुराना शिक्षकलाई पुनर्ताजकि तालिम दिइनुपर्ने, शैक्षिक सामाग्री जुटाउने व्यवस्था गर्नूपर्ने, तालिम अप्राप्त शिक्षक भन्दा तालिम प्राप्त शिक्षकको शिक्षणबाट शिकाइ उपलब्धि बढाउन सकिने उल्लेख भएतापनि शिक्षण विधिको बारेमा उल्लेख गरिएको छैन ।

नवौं योजना (२०५४-०५९) को लक्ष्यमा प्राथमिक शिक्षा उमेर ६ देखि १० वर्षको बालबालिकाहरूको खूद भर्ना प्रतिशत ९० पुऱ्याउने, २०२५ वटा प्राथमिक विद्यालय र ८००० जना प्राथमिक शिक्षक थप गर्ने लक्ष्य भएकोमा (आठौं योजनामा) २०५३ सालमा विद्यालय संख्या २२१८, शिक्षक संख्या ८९३७८ तथा विद्यार्थी संख्या ३४ लाख ४७ हजार ६०७ पुगी खुद विद्यार्थी भर्ना प्रतिशत ६९.४ पुगेको छ । यस अनुसार योजनावधिमा विद्यालय संख्या ३५२४ र शिक्षक संख्या १४८८३ थप भएको देखिन्छ । प्राथमिक शिक्षालाई अनिवार्य गर्ने कार्यक्रम समेत शुरु भएको  तथ्य आठौं योजनाको समीक्षा शीर्षकमा उल्लेख भएको छ ( नवौं योजना,२०५४-०५९ ) ।

नेपालको अन्तरिम संविधान ( २०६३ ) को भाग ३ मा मौलिक हक अन्तर्गतको धारा १७ मा भएको व्यवस्था  अनुसार :- (१७) शिक्षा तथा संस्कृति  सम्बन्धी  हक :- (१)  प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आ-आफ्नो मातृभाषामा आधारभूत तहको शिक्षा पाउने हक हुनेछ । (२) प्रत्येक नागरिकलाई राज्यबाट  कानूनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक हुनेछ । (३) नेपालमा बसोवास गर्ने प्रत्येक समुदायलाई आङ्ननो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक हुनेछ ।

बराल (२०६२) ले सामूदायिक तथा संस्थागत विद्यालयहरुमा शिक्षण सिकाई र एस एल सी परीक्षाका उपलब्धिमा पारेको प्रभाव भन्ने अनुसन्धानात्मक कृतिमा शिक्षालाई विकासको मेरुदण्ड मानेका छन् । उनका अनुसार शिक्षाले व्यक्ति र समाजलाई सदा उन्नति मार्गमा

लम्कन अग्रसर गराउदछ । कुनै पनि मुलुकमा कस्तो शिक्षा प्रदान गरी कस्ता नागरीक तयार पार्ने भन्ने निर्क्योल शिक्षाका उद्देश्यहरुमा भर पर्दछ । यसमा बनेपा र पनौति नगरपालिकाका छनैाटमा परेका सामूदायिक तथा संस्थागत विद्यालयहरु उद्देस्य हासिल गर्न कतिहदसम्म सफल भए वा भएनन भन्ने बारेमा खोज गर्ने मुख्य उद्देश्य रहेको छ । निष्कर्षमा विद्यार्थी अनुपातमा दरबन्दी नहुनु ,राजनैतिक हस्तक्षेप हुनु ,बन्द हडतालका कारणले निर्धारित समयमा कोर्ष पुरा नहुनु , प्रमाणपत्रकै आधारमा विद्यार्थी भर्ना गर्न बाध्य हुनु , सुपरीवेक्षण र अनुगमन प्रणालीलाई व्यवहारमा पटक्कै उतार्न नसक्नु, हुनेखानेकालागि संस्थागत विद्यालय र भए खानेका लागि मात्र सामुदायिक विद्यालय भन्ने सामाजिक मान्यताले समेत सामुदायिक विद्यालयहरु पीडित भएको निष्कर्ष छ । सिकाइले एस एल सी परीक्षाका उपलब्धिमा पारेको प्रभाव सम्बन्धि अध्ययन भयतापनि यसमा शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि उल्लेख गरेको पाईएन ।

भट्टराई ( २०६५ ) ले प्राथमिक विद्यालयमा छात्रा भर्ना स्थिति र  नियमितताले शिक्षण सिकाइ कार्यमा पारेको प्रभाव भन्ने अनुसन्धानात्मक कृति काभ्रेपलान्चोक जिल्लाका प्राथमिक विद्यालयमा छात्रा भर्नाको स्तिथि र नियमितताले शिक्षण सिकाइ कार्यमा पारेको प्रभाव सम्वन्धि अध्ययनमा निम्न उद्देश्यहरु उल्लेख गरेका छन् :-काभ्रेपलान्चोक जिल्लाका प्राथमिक विद्यालयमा छात्राहरुको भर्नाको वर्तमान स्तिथि पत्ता लगाउनु, काभ्रेपलान्चोक जिल्लाका प्राथमिक विद्यालयमा छात्राहरुको नियमितता तथा विद्यालय छाड्ने कारणहरु पत्ता लगाउनु, काभ्रेपलान्चोक जिल्लाका प्राथमिक विद्यालयमा छात्राहरुको कम भर्ना हुनुका कारणहरु पत्ता लगाउनु, काभ्रेपलान्चोक जिल्लाका प्राथमिक विद्यालयमा छात्राहरुको र नियमितता वृद्धि गर्ने उपायहरुको खोजी गर्नु । उक्त अध्ययनको निष्कर्षमा काभ्रेपलान्चोक जिल्लाका प्राथमिक विद्यालयमा छात्रा भर्नाको स्तिथि र नियमितताले शिक्षण सिकाइ कार्यमा प्रभाव पार्ने तत्वहरुकारुपमा अभिभावक र शिक्षक दुवै समूहबाट आएका राय/सुझावहरुलाई केलाएर हेर्दा काभ्रेपलान्चोक जिल्लाका जनतामा शैक्षिक जनचेतनाको अभाव देखिन्छ । जस अनुसार शैक्षिक जनचेतनाको विकास गराउन नितान्त आवश्यक छ । त्यस्तै शिक्षा अनिवार्य गरेमा सबै बालबालिकालाई अभिभावकले विद्यालयमा पठाउछन् नत्र पठाउदैनन् । कतिपय अभिभावकले आर्थिक अभावले गर्दा आफ्ना वालवालिकालाई विद्यालयमा पढाउन मन भएर पनि पढाउन

सकेका छैनन् । कतिपय अभिभावकहरुमा छोरा र छोरीमा भेदभावको भावनाले गर्दा छोरालाई विद्यालयमा पढाए पनि छोरीलाई विद्यालय पढाएका छैनन् । यो कुरालाई शैक्षिक जनचेतनाको अभावको रुपमा लिन सकिन्छ । त्यस्तै पढाई सकेपछि छोराछोरीले रोजगारी नपाउनाले पनि अभिभावकले आफ्ना छोराछोरीलाई विद्यालयमा पढाएका छैनन् । अनूसूचीमा शिक्षक र अभिभावकहरुसँग सम्वन्धित प्रश्नोत्तर र सुझावहरुको संक्षिप्त विवरण दिइएको छ । उनले यसरी काभ्रेपलान्चोक जिल्लाका प्राथमिक विद्यालयमा छात्राहरुको भर्ना र तिनीहरुको स्थितिलाई प्रभाव पारेको देखाएका छन् : अधिकांश ग्रामिण जनसमुदायहरुमा आर्थिक अभाव, शैक्षिक जनचेतनाको अभाव, पढाइपछि रोजगारी नपाउनु , अनिवार्य शिक्षा लागू नहुनू र सरकारले गरेका निर्णयहरु पनि लागू नहूनू मुख्य रहेका छन् । यिनै कार्यहरुमा सुधार गरेमा काभ्रेपलान्चोक जिल्लाका प्राथमिक विद्यालयमा छात्रा सहभागितामा वृद्धि गराउन सकिनेछ भन्ने निष्कर्ष निकालिएको छ । प्राथमिक विद्यालयमा छात्रा भर्ना स्थिति र नियमितताले शिक्षण सिकाइ कार्यमा पारेको प्रभाव उल्लेख भएतापनि शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव उल्लेख भएको पाइँदैन ।

रेग्मी (२०६३) ले कक्षा कोठामा मनोविज्ञान भन्ने पुस्तकमा शिक्षणमा पुरस्कार र दण्डले महत्वपूर्ण भूमिका खेल्ने कुरालाई स्वीकारेका छन । वालवलिकाको अनुकूल सिकाइमा स्थिरता ल्याउन वालवालिकाको व्यवहारलाई पुरस्कृत गर्न आवश्यक पर्दछ र नकरात्मक ब्यवहारलाई निरुत्साहित गर्न दण्डको आवस्यकता पर्दछ । सिकाइमा पुरस्कार र दण्डको प्रयोग प्रेरणाको रुपमा लिइन्छ । यसरी शिक्षकले शिक्षण गर्दा शिक्षण विधिको अनुरुप उक्त कुरालाई पनि ख्याल गर्नुपर्ने हुन्छ । सिकाइ भनेको पुनर्वल प्राप्त प्रयासको फलस्वरुप व्यवहार गर्ने क्षमतामा स्थायी परिवर्तन हो । यसरी जतिसक्दो शिक्षण प्रक्रिया गर्दा विद्यार्थीलाई सकरात्मक रुपमा उनीहरुलाई उत्साहित गरेर शिक्षण गर्दा सिकाइ उपलब्धि ज्यादा हुने कुरामा विश्वास गर्न सकिन्छ ।

शिक्षा ऐन (२०२८) को आठौ संसोधन २०६३ (२०६३/०९/१४ ) मा संसोधन गरी शिक्षा सम्बन्धी कार्यलाई अझै ब्यवस्थित गर्ने प्रयास गरिएको छ । प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ । गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सकिनेछ । भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ । अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा

अंग्रेजी भाषामानै गराउनु पर्नेछ । शिक्षा शिक्षण गरी उपलब्धि ज्यादा हुने तबरबाट शिक्षण गराउनु पर्ने, तालिम प्राप्त र योग्य शिक्षकबाट शिक्षण गर्नुपर्ने, शिक्षण अनुमती पत्र अनिवार्य गराउनु पर्ने इत्यादी व्यवस्था गरिएको भएता पनि प्राथमिक तहको शिक्षण गर्दा शिक्षण विधि अपनाउने सम्बन्धमा कही कतै उल्लेख गरिएको छैन । शिक्षकनै गुणस्तरीय शिक्षा प्रत्यक्ष रुपले प्रभाव पार्ने प्रमुख पक्ष हो । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धिहरु विद्यार्थीहरुमा हासिल गराउनु शिक्षकको पेशागत कर्तब्य हुन आउछ । विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, शिक्षण उपागम विधि र तरिकाहरुको प्रयोग गर्ने, विद्यार्थीहरुको सिकाइ अनुभवलाई महत्व दिई अन्तर्क्रिया छलफल तथा अनुभव आदान प्रदानका माध्यमबाट ज्ञान निर्माणको अवसर दिने कार्य बाल केन्द्रित र बालमैत्री शिक्षण प्रक्रिया हो । अभ्यासबाट विभिन्न सीप ( जिविनपयोगी तथा कार्यात्मक ) हरुको विकास गर्न अवसर प्रदान गर्ने बाल केन्द्रित सिकाइ वातावरणको सिर्जना गर्ने इत्यादी कार्य शिक्षकको दायित्व भित्र पर्दछन् । शिक्षक यी कुराहरुमा सक्षम हुनु अनिवार्य छ ।

## २.२. अध्ययनको सैद्धान्तिक खाका

अनुसन्धान गर्दा मुख्य गरेर कुन सैद्धान्तिक धरातलमा रहेर गर्ने हो सो कुरानै अध्ययनको सैद्धान्तिक खाका भित्र पर्दछ । शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि अध्ययनको विषयमा पनि आफ्नै निष्चित सैद्धान्तिक खाका छ जुन निम्न सिद्धान्तमा रहेर गरिएको छ ।

हिल्डा टावा ( १९५६ ) ले प्रस्तुत गरेको सिध्दान्त शिक्षण क्रियाकलाप गर्दा विद्यार्थीलाई सक्रिय बनाई उनीहरुलाईनै प्रयोग गर्न लगाएर शिक्षण गरेमा विद्यार्थीले सिक्दछन् । विद्यार्थीले ती कुराहरु जुन समस्याको समाधान आफै सहभागी भएर गर्दछन, त्यही कुरा राम्ररी सिक्दछन् । विद्यार्थी केन्द्रित प्रयोगात्मक विधिमा आधारित भएर शिक्षण क्रियाकलाप गर्नुपर्ने कुरामा जोड दिइएको पाईन्छ । शिक्षालाई अधिकारका रुपमा लिइसकेको परिप्रेक्षमा शिक्षा क्षेत्रमा रहेका असमानता र विभेदको अन्त्य गरी सवैको पहुँचको विषय शिक्षा हुनुपर्दछ तबमात्र शिक्षण विधिले सिकाइ उपलब्धि हासिल गर्न सहयोग गर्दछ भन्ने आजको सन्दर्भमा सवैलाई समान सिकाइ उपलब्धि हासिल हुने प्रकारको शिक्षण विधि अपनाएर शिक्षण गर्नुपर्ने देखिन्छ ( काफ्ले २०६३ ) ।

वि.एफ.स्कीनर ( १९३१ ) ले प्रस्तुत गरेको सिध्दान्त " व्यवहारको मात्रात्मक तथा गुणात्मक परिवर्तनमा प्रभाव पार्ने अवस्थालाई पुनर्वलको रुपमा परिभाषित गरेका छन । सकरात्मक पुनर्वलले सिकाईमा प्रभाव पार्दछ । त्यसकारण शिक्षकले शिक्षण गर्दा उक्त कुरालाई समेत ध्यान दिएर शिक्षण क्रियाकलाप गराएमा सिकाइ उपलब्धि राम्रो हुन सक्दछ ( रेग्मी, २०६३ ) । साथै योजनावद्ध शिक्षणमा "विद्यार्थीको व्यक्तिगत तीब्र वुद्धि र क्षमताका आधारमा एक एक विषयवस्तु जानिसकेपछि स्वतःअर्को विषयवस्तुमा प्रवेश गर्दै आफै सक्रिय हुनुपर्छ र शिक्षक सधै सचेत, जागरुक र आफ्नो प्रभावकारी शिक्षणमा सफल हुनकालागी पाठलाई साना साना एकाईहरुमा विभाजित गरी सिकारुका समक्ष प्रस्तुत गर्नुपर्छ । यसले सिकारुको सिकाइ प्रक्रियाको गतिलाई अघि बढाउँछ "(शर्मा एण्ड शर्मा २०६३) का अनुसार शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि अध्ययनकालागि सहयोगी हुने शिक्षण प्रक्रिया र शिक्षण विधि अपनाएर शिक्षण गर्नुपर्ने देखिन्छ । यी दुवै सिद्धान्तलाई आधार लिएर यो अनुसन्धान पुरा गरिएको छ ।

## २.३. शैक्षिक उपादेयता

शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि अध्ययनकालागि आवश्यक पर्ने सत्य तथ्य खोज अनुसन्धान गर्नकालागि ज्ञान बढाउन उक्त सम्वन्धित साहित्यको पुनरावलोकन उपयोगी हुन्छ । त्यसैगरी शिक्षण विधिको पहिचान, यस सम्बन्धि दर्शन, शिक्षण विधिमा रहेका समस्या र समाधानका उपायहरु इत्यादिमा समेत सहयोगी हुनेहुँदा अध्ययनमा सम्बन्धित साहित्यको पुनरावलोकनको उपयोगिता अझ बढेको छ । माथि खोजि गरिएका संवन्धित साहित्यहरुले प्राथमिक विद्यालयहरुको शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने तत्वहरुको अध्ययन, सामूदायिक तथा संस्थागत विद्यालयहरुमा शिक्षण सिकाई र एस एल सी परीक्षाका उपलब्धिमा पारेको प्रभावको अध्ययन, प्राथमिक विद्यालयमा छात्रा भर्ना स्थिति र नियमितताले शिक्षण सिकाइ कार्यमा पारेको प्रभावको अध्ययन गरिएको छ जसको अध्ययनले यो अनुसन्धान पुरा गर्नकालागि केहि हदसम्म सहयोग गरेता पनि प्राथमिक तहमा शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि विषयमा खासै उल्लेखनीय निष्कर्ष दिन नसकेको हुँदा मेरो यो अध्ययनले शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि विषयमा निष्कर्ष निकाल्न सहयोग गर्ने छ भन्ने आशा गरेको छु ।

# परिच्छेद : तीन

## अध्ययन विधि

### ३.१. अनुसन्धानात्मक ढाँचा

अनुसन्धानको विषय शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव भएकाले यसमा देखापरेका समस्या निराकरणकालागि परिमाणात्मक र गुणात्मक दुवै प्रक्रिया अपनाउनुका साथै ब्याख्यात्मक रुपमा अध्ययन गरी अनुसन्धान पुरा गरिएको छ ।

### ३.२. जनसंख्या

यो अध्ययन धनकुटा जिल्लाको श्री गोलखाडी स्रोत केन्द्र भित्र रहेका २३ वटा सामुदायिक विद्यालयहरुका ३२३४जना विद्यार्थी, साथै त्यहाँ कार्यरत १३९ जना शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा यस क्षेत्रका अभिभावक इत्यादिलाई जनसंख्याको रुपमा लिईएको छ ।

### ३.३. नमूना छनौटको प्रक्रिया र नमूनाको आकार

शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि अनुसन्धानमा उद्देश्यात्मक र सम्भावनायुक्त नमूना छनौट प्रक्रिया अपनाएर अध्ययन गरिएको छ ।शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि अध्ययन धनकुटा जिल्ला अन्तर्गत श्री गोलखाडी स्रोत केन्द्र भित्र रहेका २३ वटा विद्यालयहरुमा अध्ययन गर्ने ३२३४ जना विद्यार्थी , १३९ जना शिक्षक, अभिभावक, विद्यालय ब्यवस्थापन समिति मध्ये ३ वटा प्रा.वि., १ वटा नि.मा.वि, २ वटा मा.वि.गरी जम्मा ६ वटा विद्यालयका प्रधानाध्यापक ,प्रत्येक विद्यालयका प्राथमिक तहका शिक्षक- शिक्षिका साथै जम्मा प्राथमिक तहका ५६७ विद्यार्थी मध्ये प्राथमिक तहका मात्र विद्यार्थी र नमूना छनौटमा परेका विद्यार्थीहरुको संख्या १९७ जना विद्यार्थी, अभिभावक र बुद्धिजीवी समेतलाई नमुना छनौटका रुपमा लिईएको छ ।

### ३.४. नमूना छनोटको आधार

शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि अध्ययन भएकोले धनकुटा जिल्लाको श्री गोलखाडी स्रोत केन्द्र भित्र रहेका २३ वटा सामुदायिक विद्यालयहरुका प्राथमिक

तहमा अपनाएको शिक्षण विधिलाई अध्ययनको मुख्य आधार लिइएको छ साथै नमूना छनोट गर्दा श्री गोलखाडी स्रोत केन्द्र भित्र रहेका ३ वटा गा.वि.स. मध्ये १-१ वटा पर्ने गरी ३ वटा प्राथमिक विद्यालय, १ वटा नि. मा. वि, २ वटा मा. वि. गरी जम्मा ६ वटा विद्यालयका सवै प्र.अ., प्रत्येक विद्यालयका १-१ जना शिक्षक-शिक्षिका, त्यस क्षेत्रका स्रोत ब्यक्तिलाई उद्देश्यमूलक र विद्यार्थी, अभिभावक, विद्यालय ब्यवस्थापन समिति, बुद्धिजीवी समेतलाई सम्भावनायुक्त नमूना छनौट तरिका अपनाएर अध्ययन अनुसन्धान गरिइएको छ ।

## ३.५. अनुसन्धानको साधनहरु

यो अध्ययनमा निन्न अनुसन्धानका साधनको प्रयोग गरिएको छ : (क) सर्वेक्षण फारम : विद्यालयको सम्पूर्ण पक्षको विवरण लिनका लागी तयार पारिएको फारमनै सर्वेक्षण फारम हो । जुन अनुसूची १ मा राखिएको छ ।

(ख) अवलोकन : शिक्षण सिकाइ कियाकलाप, शिक्षण विधि र सिकाइ उपलब्धि सम्बन्धमा कक्षा शिक्षणमा शिक्षक र विद्यार्थीको अवलोकन गरिएको थियो । जुन अनुसूची २ मा राखिएको छ ।

(ग) प्रश्नावली : शिक्षण सिकाइ कियाकलाप, शिक्षण विधि र सिकाइ उपलब्धि सम्बन्धमा विद्यालयका प्रधानाध्यापक, शिक्षक, स्रोत व्यत्ति, अभिभावक , विद्यालय ब्यवस्थापन समितिका पदाधिकारीलाई अन्तर्वार्ता प्रश्नावली गरीएको थियो । जुन अनुसूची ३ मा राखिएको छ ।

(घ) अन्तवार्ता सूची : विद्यालयका प्रधानाध्यापक, शिक्षक, स्रोत व्यत्ति, अभिभावक, वि. ब्य. स. पदाधिकारीलाई शिक्षण सिकाइ कियाकलाप, शिक्षण विधि र सिकाइ उपलब्धि सम्बन्धमा अन्तवार्ता लिनकालागी तयार पारिएको अन्तवार्ता सूची हो । जुन अनुसूची ४ मा राखिएको छ ।

(ङ) अभिलेख अध्ययन : श्री गोलखाडी स्रोत केन्द्रका २३ वटा विद्यालयहरुमा रहेका अभिलेख समेतलाई अनुसन्धानको साधनका रुपमा लिईएको छ ।

## ३.६. अनुसन्धान साधनको वैधता

शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्वन्धि अध्ययनको वैधताका लागि धनकुटा जिल्लाको श्री गोलखाडी स्रोत केन्द्रका सामुदायिक विद्यालयहरुमा अध्ययन अनुसन्धान गरिएको छ । जसलाई अनुसूचीमा राखिएका तथ्यहरुले प्रमाणित गर्दछ ।

## ३.७ तथ्याङ्कका स्रोतहरु

अनुसन्धानका क्रममा प्रयोगमा आउने तथ्याङ्कहरु कहाँबाट प्राप्त हुन्छन् ; त्यसलाई तथ्याङ्कको स्रोत भनिन्छ । शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्वन्धि अध्ययनमा पनि दुई प्रकारका स्रोतहरुको प्रयोग गरीएको छ :

(क) प्राथमिक स्रोतहरु : अनुसन्धानका क्रममा प्रत्यक्ष तथ्याङ्कका स्रोतहरु शिक्षक, विद्यार्थी, विद्यालयका प्र.अ., विद्यालयका प्राथमिक तहका शिक्षक, शिक्षिका , अभिभावक , बुद्धिजीवीसँग गरिएको प्रश्नावलि, अर्न्तवार्ता, प्रत्यक्ष अवलोकन तथा विद्यालयको सर्वेक्षण फारम इत्यादि स्रोतलाई प्राथमिक स्रोतका रुपमा लिई तथ्याङ्क संकलन गरी अनुसन्धान पुरा गरिएको छ ।

(ख) द्वितीय स्रोतहरु : अनुसन्धानका क्रममा प्रयोगमा आउने अप्रत्यक्ष तर आवश्यक र सहयोगी स्रोतहरुनै तथ्याङ्कका सहायक स्रोतहरु हुन । विद्यालयको शैक्षिक तथ्याङ्क, अभिलेख अध्ययन, निर्णय पुस्तिका, शैक्षिक वुलेटिन, पूर्व प्रकाशित कृति, पुस्तक, दस्तावेजहरु, लिखतहरु, डायरी, चिठ्ठिपत्र, स्मरणपत्र, पत्रपत्रिका, शिक्षा ऐन इत्यादी स्रोतको प्रयोग गरी तथ्याङ्कहरु संकलन गरि अनुसन्धान पुरा गरिएको छ ।

## ३.८. तथ्याङकको संकलन प्रकिया

शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि अनुसन्धानका तथ्याङ्क संङ्कलन गर्ने क्रममा अनुसन्धानका साधन विद्यालयहरुमा रहेका अभिलेख, प्रश्नावली, अन्तरवार्ता, प्रत्यक्ष अवलोकन र सर्वेक्षण फारम प्रयोग गरि अनुसन्धान गरिएको छ । जसका लागि विद्यार्थी अभिलेख, शिक्षण विधि,२०६६ सालको अन्तिम परीक्षा इत्यादिलाई तथ्याङकको संकलनको आधारका रुपमा लिएर यो अनुसन्धानका तथ्य र तथ्याङ्कहरु संङ्कलन गरिएको छ ।

## ३.९. तथ्याङ्कको विश्लेषण प्रकिया

श्री गोलखाडी स्रोत केन्द्रका विद्यालयहरुमा रहेका अभिलेख, प्रश्नावली, अन्तरवार्ता, प्रत्यक्ष अवलोकन र सर्वेक्षण फारमको अध्ययनवाट प्राप्त गरिएको तथ्य तथ्याङ्कहरूलाई तालिकीकरण गरी तथ्याङकशास्त्रीय विधि अन्तरगत संख्यात्मक विवरण तालिका, प्रतिशत, स्तम्भ चित्रमा राखी गुणात्मक र परिमाणात्मक तरिकाले विश्लेषण गरिएको छ साथै उद्देश्य अनुसार उपर्यूक्त शीर्षकको चयन गरी तथ्याङ्कको प्रस्तुतीकरण गर्दै व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्कको प्रस्तुतिकरण, व्याख्या र विश्लेषण

यस खण्डमा शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि शीर्षकमा धनकुटा जिल्ला अन्तर्गत श्री गोलखाडी स्रोत केन्द्र भित्र रहेका २३ वटा सामुदायिक विद्यालयहरु मध्ये ६ वटा विद्यालयहरुको छनौट गरी यस क्षेत्रको विद्यार्थी विवरण, विद्यालयमा प्रयोग हुने शिक्षण विधिको अवस्था पहिचान गर्ने, शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव पत्ता लगाउन , शिक्षण विधिको प्रयोग गर्नमा रहेका समस्या पत्ता लगाई समाधानका उपायहरु पत्ता लगाउनका लागि अध्ययन गरिएको हुनाले सोहि अनुरुप तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ । धनकुटा जिल्ला गोलखाडी स्रोत केन्द्रका विद्यालयलाई नमूनाको रुपमा लिएर समग्र सामुदायिक विद्यालयमा शिक्षण विधिको प्रयोग गर्नमा देखिएका समस्याको अध्ययन-अनुसन्धान गरि ती समग्र समस्याहरुको समाधानका उपायहरुको पनि खोजी गरि तथ्यपरक ढंगवाट विश्लेषण गरिएको छ । अध्ययनलाई प्रमाणित गर्न प्राथमिक तहमा प्रयोग हुने शिक्षण विधिका सम्वन्धमा विद्यार्थी, अभिभावक, शिक्षक, प्र.अ., वि.व्य.स.अध्यक्ष, स्रोत व्यक्तिवाट प्रश्नावली, अन्तरवार्ता, प्रत्यक्ष अवलोकन इत्यादीको माध्यमबाट संकलित तथ्याङ्कहरुलाई विवरण तालिका, प्रतिशत, स्तम्भ चित्र, वृत्त चित्रमा राखि व्याख्या, विश्लेषण गरिएको छ ।

### ४.१. शिक्षण विधिको प्रयोगको अवस्था :-

प्राथमिक तहमा विद्यार्थीको सिकाइ उपलब्धि बढाउन दलित, पिछडिएका र सुविधाविहीन वर्गका बालबालिकालाई विद्यालय क्षेत्रमा ल्याउने प्रयास गरिनु पर्दछ । यी शिक्षाबाट पछि परेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन विद्यार्थीलाई आकर्षण गर्ने खालको शिक्षण विधिको प्रयोग गर्नु पर्दछ । शिक्षण सिकाइको विषयवस्तु र त्यसको प्रस्तुतिकरण शिक्षण विधिका आधारभुत तत्व हुन् । शिक्षणको उद्देश्य प्राप्तिका लागि शिक्षण विधि अनिवार्य छ । अध्ययनमा परेका विद्यालयमा प्रयोग भएको शिक्षण विधि निम्न बमोजिम पाइयो ।

#### १. शिक्षक केन्द्रित शिक्षण विधि

शिक्षकको सक्रियतामा हुने शिक्षण विधि जसले विद्यार्थीलाई निस्क्रिय गराउदछ । विद्यार्थीको सिर्जनात्मक क्षमतामा रोक लगाउदछ । यस प्रकारको शिक्षण विधिलाई शिक्षक

केन्द्रित शिक्षण विधि भनिन्छ । नमूना छनोट गरिएका अधिकांस विद्यालयमा शिक्षक केन्द्रित शिक्षण विधि अपनाएको पाइन्छ । जुन निम्न बमोजिम छन :-

क. प्रवचन विधि

शिक्षकले कुनै पनि विषयवस्तु वा पाठलाई कक्षामा मौखिक रुपले विद्यार्थीलाई बुझाउने प्रयत्न गर्दछ भने त्यसलाई ब्याख्यान वा प्रवचन विधि भन्निछ । यो विधि पुरानो र परमपरागत प्रचलित शिक्षण विधि हो । यो विधि पनि नमूना छनौट गरिएका विद्यालयमा प्रयोग भएको पाईन्छ ।

ख. प्रश्नोउत्तर विधि

प्रश्न र उत्तरको माध्यमद्धारा सिकाउने विधिनै प्रश्नोउत्तर विधि हो । यो विधि पनि यस क्षेत्रमा प्रयोग भएको पाईन्छ ।

ग. कथा कथन विधि

कथाका माध्यमबाट विद्यार्थीहरुको नैतिक चरित्र निर्माण र सामाजिक सीपको विकास गर्ने प्रयासकालागि सिकाउने शिक्षण विधिनै कथा कथन विधि हो । यो विधि पनि यस क्षेत्रमा प्रयोग भएको पाईन्छ ।

**२. विद्यार्थी केन्द्रित शिक्षण विधि :-**

विद्यार्थीको सकियतामा हुने शिक्षण विधि जसले विद्यार्थीलाई सकिय गराउदछ । विद्यार्थीको सिर्जनात्मक क्षमतामा अभिवृद्धि गराउदछ । यस प्रकारको शिक्षण विधिलाई विद्यार्थी केन्द्रित शिक्षण विधि भनिन्छ । यो विधिले विद्यार्थीहरुको अन्तर्निहित प्रतिभाको प्रस्फुटन हुने अवसर प्रदान गर्दछ । नमूना छनोट गरिएका अधिकांस विद्यालयमा विद्यार्थी केन्द्रित शिक्षण विधि थोरै मात्रामा अपनाएको पाइन्छ ।

क. प्रयोगात्मक विधि

विद्यार्थीले आफैले प्रयोग गरेर सिक्ने विधि हो । यसमा विद्यार्थी आफै ज्यादा उत्सुक र क्रियाशिल भएर सिक्दछन् । यो विधिको प्रयोग यस क्षेत्रमा कम मात्रामा भएको पाईन्छ ।

ख. प्रर्दशन विधि

विद्यार्थीलाई प्रत्यक्ष रुपमा अरुले गरेको कार्य अवलोकन गरेर र हेरेरसिक्ने अवसर प्राप्त गराई सिकाउने विधि प्रर्दशन विधि हो । यो विधि पनि यस क्षेत्रमा कम प्रयोग भएको पाईन्छ ।

ग. शैक्षिक भ्रमण विधि

विद्यार्थीले सिक्नु पर्ने कुरालाई सिकाउनका लागि वास्तविक ठाँउ वा परिवेशमा लगेर सिकाउन सकेको खण्डमा सिकाइ प्रभावकारी र दीर्घकालीन हुन जान्छ यसरी सिक्नु पर्ने कुरालाई सिकाउनकालागि वास्तविक क्षेत्रमानै लगेर सिकाउने तरिकालाई शैक्षिक भ्रमण विधि भनिन्छ । यो विधि पनि यस क्षेत्रमा कम मात्रामा प्रयोग भएको पाईन्छ ।

घ. अभिनय विधि

अभिनयको माध्यमबाट विषवस्तुको बोध गराउने शिक्षण विधि अभिनय विधि हो । यो विधि पनि प्रयोग भएको पाईन्छ ।

ङ. अवलोकन विधि

प्रत्यक्ष रुपमा कार्य क्षेत्रमा गएर हेरेर सिक्ने वातावरण नै अवलोकन विधि हो । यो विधि पनि कम मात्रामा प्रयोग भएको पाईन्छ ।

च. समस्या समाधान विधि

पाठलाई समस्याको रुपमा विद्यार्थी माझमा प्रस्तुत गरिन्छ । विद्यार्थीकै क्रियाकलापबाट समस्याको समाधान निकाल्ने प्रयास गरिन्छ । यो विधि पनि नमूना छनौट गरिएका विद्यालयमा कम मात्रामा प्रयोग गरिको पाईन्छ ।

**३. अन्तर्क्रियात्मक शिक्षण विधि :**

विद्यार्थीको सक्रियतालाई ध्यान दिदै प्रयोग गरिने शिक्षण विधि जसले विद्यार्थीलाई सक्रिय गराउनुका साथै विद्यार्थीको सिर्जनात्मक क्षमतामा अभिवृद्धि गराउदछ र शिक्षक पनि आवश्यकता अनुसार मार्ग निर्देशन गर्न सक्रिय रहन्छन । यसप्रकारको शिक्षण विधिलाई अन्तर्क्रियात्मक शिक्षण विधि भनिन्छ । नमूना छनोट गरिएका अधिकाश विद्यालयहरुमा अन्तर्क्रियात्मक शिक्षण विधि थोरै मात्रामा अपनाएको पाइन्छ । नमूना छनोट गरिएका विद्यालयमा प्रयोग भएको अन्तर्कियात्मक शिक्षण विधि निम्न बमोजिम छन :-

क. छलफल विधि

कुनै पाठ्याशबारे कक्षामा शिक्षण गर्दा विद्यार्थीहरुलाई सक्रिय गरी अन्तर्क्रियाको माध्यमद्धारा शिक्षण गरिन्छ भने त्यस्तो विधिनै छलफल विधि हो । यो विधि पनि नमूना छनोट गरिएका विद्यालयमा प्रयोग भएको पाईन्छ ।

ख. गुञ्ज छलफल विधि

विद्यार्थीलाई साना-सना समूहहरुमा विभाजन गरी छलफल गर्न लगाएर विषयवस्तुलाई प्रस्ट पार्ने प्रयास गुञ्ज छलफल विधिमा गरिन्छ । यो विधिको माध्यमले प्रतिभाको पहिचान गर्न सजिलो हुन्छ । नमूना छनौट गरिएका विद्यालयहरुमा कम मात्रामा प्रयोग गरिको पाईन्छ ।

ग. वादविवाद विधि

विद्यार्थीलाई विषयवस्तु पाठको शीर्षकमा बहस वा छलफल गर्न लगाई निष्कर्षमा पुग्ने विधिलाई वादविवाद विधि भनिन्छ । यो विधिमा प्रतिभाको पहिचान गर्न सजिलो हुन्छ । नमूना छनौट गरिएका विद्यालयहरुमा थोरै मात्रामा प्रयोग गरिएको पाईन्छ ।

माथी उल्लेखित विभिन्न शिक्षण विधिको प्रयोगको अवस्था निम्न बमोजिम पाइन्छ :-

तालिका नं : १ विभिन्न विधि प्रयोगको अवस्था प्रतिशतमा

| क.सं. | विद्यालयको नाम | शिक्षक के. विधि | विद्यार्थी के वि. | अन्त.शि.विधि. |
|---|---|---|---|---|
| १ | श्री माहाभारत प्रा.वि. | ७२ | १० | १८ |
| २ | श्री सिध्दकाया प्रा.वि. | ७५ | १० | १५ |
| ३ | श्री गुप्तिगंगा प्रा.वि. | ६३ | १७ | २० |
| ४ | श्री भुमिश्वर नि.मा.वि. | ६३ | १३ | २४ |
| ५ | श्री ग्रामिण जनता मा.वि. | २८ | ५२ | २० |
| ६ | श्री गोलखाडी मा.वि | ३७ | ३५ | २८ |
| | जम्मा | ३३८ | १३७ | १२५ |

स्रोत :–स्थलगत सर्वेक्षण श्री गोलखाडी स्रोत केन्द्र २०६६

माथि उल्लेखित शिक्षण विधिको प्रयोगको अवस्थाको अध्ययन गर्दा अधिकांस विद्यालयमा अझै पनि शिक्षक केन्द्रित विधिको नै प्रयोग भएको पाईन्छ । अझ भन्ने हो भने जहाँ भवन अभाव छ, कक्षाकोठाको अभाव छ, समाजको आर्थिक एवं सामाजिक अवस्था कमजोर छ, राजनीतिक चेतनाको कमि छ, त्यस क्षेत्रका विद्यालयमा बहुकक्षा शिक्षण गर्नुपर्ने, विद्यार्थी विद्यालयमा नियमित नआउने त्यस्ता विद्यालयहरुमा शिक्षक आफै सक्रिय भएर शिक्षक केन्द्रित विधिनै अपनाएको पाइन्छ । माथि छनोटमा परेका विद्यालयहरु मध्ये श्री ग्रामिण जनता

मा.वि.को आर्थिक, भौतिक सुविधा राम्रो भएको र त्यहाँ विद्यार्थी केन्द्रित विधि अथवा ५२ प्रतिशत विद्यार्थी केन्द्रित विधि अपनाएको देखिन्छ भने अन्य सुविधा कम भएको सिद्धकाया प्रा.वि.मा विद्यार्थी केन्द्रित विधि १० प्रतिशत मात्र प्रयोग गरेको पाईन्छ । त्यकारण शिक्षण विधिको प्रयोग गर्नका लागि अन्य तत्वले पनि असर पारेको हुन्छ ।

**४.१.१.अध्ययनमा परेका विद्यालय र विद्यार्थीहरुको विवरण :** विद्यालयमा के कति विद्यार्थीहरु अध्ययन गर्दछन् सो तथ्याङ्क विद्यालयले राखेको हुनु पर्दछ । विद्यालयको विद्यार्थीको त्यही तथ्याङ्क अनुसार डेस्क वेन्चको ब्यवस्थापन, कक्षा कोठा ब्यवस्थापन गर्न, सेक्सन छुट्टयाउन समेत विद्यार्थीहरुको संख्या आवश्यकता पर्दछ । ती विद्यार्थी संख्याकै आधारमा राष्ट्रको शैक्षिक योजना निर्माण हुन्छ । विद्यार्थी संख्याले धेरै कुरामा प्रभाव पारेको हुन्छ । त्यसकारण अध्ययनमा परेका २३ वटा विद्यालयहरुको सम्पूर्ण विद्यार्थी र शिक्षक विवरणलाई अनुसुचि ६ माप्रस्तुत गरिएको छ ।

तालिका नं : २ नमुना छनौटमा परेका विद्यालय र विध्यार्थी विवरण

| क.सं. | विद्यालयको नाम | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| १ | श्री माहाभारत प्रा.वि. | २१ | ३४ | ५५ |
| २ | श्री सिध्दकाया प्रा.वि. | २८ | २९ | ५७ |
| ३ | श्री गुप्तिगंगा प्रा.वि. | १७ | १८ | ३५ |
| ४ | श्री भुमिश्वर नि. मा.वि. | ११२ | १०२ | २१४ |
| ५ | श्री ग्रामिण जनता मा.वि. | २८० | २०८ | ४८८ |
| ६ | श्री गोलखाडी मा.वि | २२९ | १९७ | ४२६ |
|  | जम्मा | ६८७ | ५८८ | १२७५ |

स्रोत :– श्री गोलखाडी स्रोत केन्द्र अभिलेख २०६६ ।

माथि उल्लेखित तालिकामा जम्मा विद्यार्थी १,२७५ मध्ये छात्रा संख्या ६८५ र छात्र संख्या ५८८ रहेको पाईन्छ । अनुसन्धानको क्षेत्र प्राथमिक तह भएकोले सोहि तहमा मात्र अध्ययनरत विद्यार्थी र नमूना छनौटमा परेका विद्यार्थीहरुको संख्या तालिका निम्न बमोजिम छ :–


तालिका नं : ३ नमूना छनौटमा परेका विद्यार्थीहरुको संख्या

| क.सं. | विद्यालयको नाम | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | श्री माहाभारत प्रा.वि. | २१ | ३४ | ५५ | १० | १० | २० |
| २ | श्री सिध्दकाया प्रा.वि. | २८ | २९ | ५७ | ११ | ११ | २२ |
| ३ | श्री गुप्तिगंगा प्रा.वि. | १७ | १८ | ३५ | ५ | ७ | १२ |
| ४ | श्री भुमिश्वर नि.मा.वि. | ८५ | ७७ | १६२ | ३० | २५ | ५५ |
| ५ | श्री ग्रामिण जनता मा.वि. | ८१ | ७८ | १५९ | ३० | २५ | ५५ |
| ६ | श्री गोलखाडी मा.वि | ५० | ४९ | ९९ | १७ | १६ | ३३ |
| | जम्मा | २८२ | २८५ | ५६७ | १०३ | ९४ | १९७ |

स्रोत :– श्री गोलखाडी स्रोत केन्द्र अधिलेख २०६६ ।

नमुना छनौटमा परेका ६ वटा विद्यालयका १ देखि ५ सम्मका जम्मा ५६७ जना विद्यार्थी रहेका मध्ये छात्रा २८२ र छात्र २८५ बाट उद्देश्यात्मक नमूना विधि छनोटका अपनाएर सकेसम्म सवैको प्रतिनिधित्व हुने गरि छात्रा १०३ र छात्र ९४ जना गरि जम्मा १९७ जनालाई नमूना छनौट गरी अध्ययन गरिएको छ । जुन विवरणलाई स्तम्भ चित्रमा निम्न बमोजिम देखाउन सकिन्छ :–

चित्र नं :– १ नमूना छनौटमा परेका विद्यार्थीहरुको संख्या स्तम्भ चित्रमा




स्रोत :–श्री गोलखाडी स्रोत केन्द्र अभिलेख २०६६ ।

माथि उल्लेखित नमुना छनौटमा परेका ६ वटा विद्यालयका ५६७ जना विद्यार्थी मध्ये छात्रा १०३ जना र छात्र ९४ जना गरि जम्मा १९७ जना विद्यार्थीलाई नमूना छनौट गरी अध्ययन गरिएको छ । स्तम्भ चित्रमा हेर्दा धेरै अन्तर जस्तो देखिन्छ, त्यसको कारण अध्ययन क्षेत्र भित्रका विद्यार्थी संख्यामा धेरै अन्तर भएकोले हो र नमूना छनोटमा पनि अन्तर भएको छ । जस मध्ये सवैभन्दा बढी श्री भूमिश्वर नि.मा.वि.मा १६२ मध्ये ५५ जना र ग्रमिण जनता मा.वि.मा १५९ जना मध्ये ५५ जना छनोट गरिएको छ । सवैभन्दा थोरै गुप्तिगंगा प्रा.वि.मा ३५ जना मध्ये १२ जना नमूना छनोट गरिएको छ ।

### ४.१.२ नमूना छनोट गरिएका विद्यालयमा प्रयोग गरीएको शिक्षण विधिको अवस्था :-

अध्ययनको विषयनै प्राथमिक तहमा शिक्षण विधिले सिकाइ उपलव्धिमा पारेको प्रभाव सम्वन्धमा भएको हुनाले नमूना छनोट गरीएका विद्यालयमा प्रयोग गरिएको शिक्षण विधिको अवस्थालाई विश्लेषण गर्नुपर्ने हुन्छ । त्यसकारण शिक्षक केन्द्रित विधि, विद्यार्थी केन्द्रित विधि, अन्तर्क्रियात्मक शिक्षण विधि प्रयोगको अवस्थाको अधययन गर्दा निम्न बमोजिम प्रयोग भएको पाइन्छ :


क. शिक्षक केन्द्रित विधि ५६.३४ प्रतिशत

ख. विद्यार्थी केन्द्रित विधि २२.८३ प्रतिशत

ग. अन्तर्क्रियात्मक शिक्षण विधि २०.८३ प्रतिशत

अझै पनि यस क्षेत्रमा शिक्षक केन्द्रित विधिनै ज्यादाप्रयोग भएको पाइन्छ । जुन वृतचित्रमा निम्न बमोजिम देखाउन सकिन्छ :-

चित्र नं : २ शिक्षण विधि प्रयोगको अवस्था वृत्तचित्रमा




स्रोत :– स्थलगत सर्वेक्षण श्री गोलखाडी स्रोत केन्द्र२०६७ ।

माथीको वृतचित्रको अध्ययनले नमूना छनोट गरिएको श्री गोलखाडी स्रोत केन्द्र भित्रका विद्यालयहरुमा अधिकतम शिक्षक केन्द्रित विधिनै ५६.३४ प्रतिशत प्रयोग गरेको पाइन्छ ।

### ४.१.३. शिक्षण विधि सम्बन्धमा अभिभावक,प्रधानाध्यापक र शिक्षकको दृष्टिकोण

कुनै पनि विद्यालयमा प्रयोग हुने शिक्षण विधिले सिकाइ उपलब्धिमा प्रभाव पारेको हुन्छ। विद्यालयमा के कस्तो शिक्षण विधिको प्रयोग भइरहेको छ। के कस्तो शिक्षण विधि प्रयोग गरेमा के कस्तो उपलब्धि हुन्छ भन्ने सम्बन्धमा अध्ययन गर्दा अभिभावकको श्री भक्त बहादुर राईको विचारमा अभिभावकहरुलाई पनि शिक्षण विधि सम्वन्धमा जानकारी हुनुपर्ने जसले गर्दा आ-आफ्ना छोरा छोरीलाई भेदभाव नगरीकन विद्यालयमा पढ्न पठाउछन् । यसले शैक्षिक सुधार गर्नमा सहयोग हुन्छ । त्यसकारण प्राथमिक तहमा प्रयोग भएको शिक्षण विधि सम्बन्धमा अभिभावकलाई सुसूचित गर्नुपर्दछ। अधिकांस अभिभावकहरु विद्यालयमा कुन कुन शिक्षण विधि प्रयोग भइरहेको हुन्छ ,आफूलाई थाहा नभएको, विद्यालयले के कस्तो शिक्षण विधि प्रयोग गर्दछ सो सम्बन्धमा थाहा नभएको जनाउदछन्। यसरी अध्ययनका कममा अभिभावकको धारणालाई मूल्याङ्कन गर्दा उपर्युक्त शिक्षण विधि प्रयोग गरी शिक्षण क्रियाकलाप गराएमा सिकाइ बढी प्रभावकारी हुने कुरामा सहमत देखिन्छन । आजकल विद्यार्थीलाईनै सक्रिय बनाउने विद्यार्थी केन्द्रित शिक्षण विधिको बढी प्रयोग गर्नुपर्ने कुरामा अभिभावक पनि सहमत देखिन्छन्।

त्यसैगरी श्री सिद्धकाया प्रा.वि.का प्रधानाध्यापक श्री चेतनाथ भट्टराईको विचारमा पनि विद्यार्थी केन्द्रित शिक्षण विधिनै प्रयोग गर्नुपर्ने कुरामा जोड दिईएको पाइयो तर यसको प्रयोगमा समस्या समेत रहेको बताउछन्। शिक्षकमा तालिमको अभाव, विद्यार्थी संख्या धेरै भएको वा शिक्षकको अभाव भएमा विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाउन कठिनाइ परेको समस्या बताएछन । त्यसैले प्रयोग गर्न सजिलो हुने भएकोले धैरै विद्यालयले शिक्षक केन्द्रित विधि अपनाउदछन। जसले गर्दा शैक्षिक गुणस्तर माथि उठ्न नसकेको हो। शिक्षण गर्दा शिक्षकलाई सजिलोका हिसावमा शिक्षक केन्द्रित विधि अपनाउदछन् । कोर्ष सक्नुपर्ने बाध्यता, शिक्षक अभाव, कक्षाकोठाको अभाव, विद्यार्थी संख्या घटबढ भएको अवस्थामा पनि प्रयोग गर्न सकिने शिक्षण विधि शिक्षक केन्द्रित विधि भएको हुनाले नमूना छनोटमा परेका अधिकांस विद्यालयहरु यही विधि अपनाएको कुरा प्रधानाध्यापक बताउदछन्।

त्यसैगरी नमूना छनोटमा परेका अधिकांस विद्यालयहरुका शिक्षकले पनि विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गर्नुपर्ने कुरामा जोड दिएता पनि कक्षा शिक्षण गर्दा भने शिक्षक केन्द्रित विधिन नै प्रयोग गर्नु परेको कुरा नमूना छनौटमा परेको विद्यालय श्री गोलखाडिका

शिक्षक श्री वीर बहादुर राई वताउदछन् : विद्यालयमा विभिन्न खालका विद्यार्थी रहने हुँदा उनिहरुलाई नियन्त्रण गर्न  शिक्षक केन्द्रित विधि प्रयोग गर्न सजिलो हुन्छ तर विद्यार्थीको अन्तर्निहित भावनाको प्रष्फूटन गर्न र सिर्जनात्मकताको विकाश गर्न भने विद्यार्थी केन्द्रित विधिनै उत्तम हुन्छ । सवैलाई मिलाएर लैजान अन्तर्क्रियात्मक विधि पनि प्रयोग गर्न सकिन्छ । पहिला पाठलाई राम्रोसंग बुझाउन शिक्षक केन्द्रित विधि प्रयोग गर्ने पछि विद्यार्थीलाई सक्रिय बनाउदै अन्तक्रियाका लागि छाडी दिने जसले गर्दा विद्यार्थी आफैले समस्याको समाधान निकाल्ने प्रयास गर्दछन । त्यसरीनै विद्यार्थी आफूहरुलाई विद्यार्थी केन्द्रित विधिको माध्यमबाट शिक्षण गरेको राम्रो लाग्ने कुरा बताउछन् । विद्यार्थी केन्द्रित विधिको माध्यमबाट शिक्षण गर्दा पनि सवैलाई समेट्न भने सकिन्न किनभने जान्ने र क्रियाशिल विद्यार्थीले अरुलाई समय नदिएमा पछि पर्न सक्छन । त्यसैले शिक्षकको समेत संग्लग्नतामा अन्तर्क्रियात्मक विधि प्रयोग गरेमा पहिले विषयवस्तुका बारेमा अवगत हुने र पछि अन्तर्क्रियाकालागि विद्यार्थीमा छलफल गर्न छाडी दिएमा सिर्जनशिल र सक्रिय विद्यार्थीले पनि मौका पाउन सक्छन् । यसरी अन्तर्क्रियात्मक शिक्षण विधिले सवै स्तरका विद्यार्थीले समान अवसर प्रदान गर्ने र सिकाइ प्रभावकारी हुनुकासाथै शिक्षाको उद्देश्य हासिल गर्न सकिन्छ भन्ने कुरामा अभिभावक, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी सहमत देखिन्छन् ।

स्किनर (१९३१) का अनुसार व्यवहारको मात्रात्मक तथा गुणात्मक परिवर्तनमा प्रभाव पार्ने अवस्थालाई पुनर्वलको रुपमा परिभाषित गरेका छन । सकरात्मक पुनर्वलले सिकाइमा प्रभाव पार्दछ । त्यसकारण शिक्षकले शिक्षण गर्दा उक्त कुरालाई समेत ध्यान दिएर शिक्षण क्रियाकलाप गराएमा सिकाइ उपलब्धि राम्रो हुन सक्दछ साथै विद्यार्थीको व्यक्तिगत तीब्र वुद्धि र क्षमताका आधारमा एक एक विषयवस्तु जानिसकेपछि स्वतःअर्को विषयवस्तुमा प्रवेश गर्दै आफै सक्रिय हुनुपर्छ । शिक्षक सधै सचेत, जागरुक र आफ्नो प्रभावकारी शिक्षणमा सफल हुनकालागि पाठलाई साना साना एकाईहरुमा विभाजित गरी सिकारुका समक्ष प्रस्तुत गर्नुपर्छ । अनिमात्र सिकारुले ज्ञान प्राप्त गर्न सक्तछन् र सही प्रतिकिया वा सिकाइमा पुर्नबल प्रदानगरिन्छ । यसले सिकारुको सिकाइ प्रक्रियाको गतिलाई अघि बढाउँछ ।  प्राथमिक तहमा शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि अध्ययनकालागि सहयोगी हुने शिक्षण प्रक्रिया र शिक्षण विधि अपनाएर शिक्षण गर्नुपर्ने देखिन्छ । सिकाइमा सघाउ पुऱ्याउने पूनर्वललाई सकारात्मक र वाधा

पु-याउनेलाई नकारात्मक पूनर्वल भनिन्छ । सिकाइमा सकारात्मक पूनर्वल प्राप्त कुनै पनि उत्तेजनाले प्राणीको क्रियात्मक व्यवहारमा परिवर्तन ल्याउँछ , त्यस उत्तेजना प्रति उसका व्यवहारहरू क्रियाशील हुन थाल्छन् । यसरी पुनर्बलका साथमा विद्यार्थीलाई सक्रिय बनाएर शिक्षण गरेमा सिकाइ प्रभावकारी हुने र सिकाइ उपलब्धिमा समेत प्रभाव पार्ने हुन्छ । त्यसैले विद्यालयमा उपयुक्त शिक्षण विधि प्रयोग हुन आवश्यक छ ।

त्यसैगरि हिल्डा टावा ( १९५६ )ले प्रस्तुत गरेको सिद्धान्तका अनुसार शिक्षण क्रियाकलाप गर्दा विद्यार्थीलाई सक्रिय बनाई उनीहरुलाईनै प्रयोग गर्न लगाएर शिक्षण गरेमा विद्यार्थीले सिक्दछन् । विद्यार्थीले ती कुराहरु जुन समस्याको समाधान आफै सहभागी भएर गर्दछन त्यही कुरा राम्ररी सिक्दछन साथै विद्यार्थी केन्द्रित प्रयोगात्मक विधिमा आधारित भएर शिक्षण क्रियाकलाप गर्नुपर्ने कुरामा जोड दिइएको पाईन्छ । शिक्षालाई अधिकारका रुपमा लिइसकेको परिप्रेक्षमा शिक्षा क्षेत्रमा रहेका असमानता र विभेदको अन्त्य गरी सवैको पहुँचको विषय शिक्षा हुनुपर्दछ तबमात्र प्राथमिक तहमा शिक्षण विधिले सिकाइ उपलब्धि हासिल गर्न सहयोग गर्दछ भन्ने आजको सन्दर्भमा सवैलाई समान सिकाइ उपलब्धि हासिल हुने प्रकारको शिक्षण विधि अपनाएर शिक्षण गर्नुपर्ने देखिन्छ । त्यस्तो प्रकारको शिक्षण विधि भनेको विद्यार्थी केन्द्रित विधिनै हो । जसले गर्दा सिकारुलाई आफै सक्रिय भएर सिक्ने वातावरणको सिर्जना हुन्छ । त्यहि सिकाइ दिगो र प्रभावकारि पनि हुन्छ ।

## ४.२. शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव

शिक्षण विधिको प्रयोगले सिकाइमा कस्तो असर पारेको छ ? सिकाइ उपलव्धि कस्तो हुने ? कक्षा छाड्े र दोहोऱ्याउने दरमा कमी ल्याएको छ- छैन ? सिकाइमा प्रभाव कस्तो छ ? भनी हेर्नकालागि यो अध्ययन गरिइएको हो । वालवालिकाले विद्यालयमा धेरै समय विताउँछन् । विद्यालयमा शारीरिक, मानसिक एवं संवेगात्मक विकाश गर्दछन । परिवर्तित समयमा कसरी समायोजन हुने भन्ने कुराको ज्ञान वालवालिकाले विद्यालयबाट पाउँछन् । वर्षभरीको ३६५ दिन मध्ये सार्वजनिक विदाहरु कटाएर एक शैक्षिक सत्रमा कम्तिमा २२० दिन विद्यालय खुल्नुपर्ने ब्यवस्था शिक्षा ऐनमा भएतापनि विद्यालयहरु मुस्किलले १८० दिन खुल्ने गरेको पाइन्छ । विद्यालय खुल्ने दिनहरु मध्ये पनि खुद पढाइ हुने दिन १८० दिन भन्दा कम हुन्छ । यस्तो अवस्थामा पनि कोर्ष सक्नुपर्ने वाध्यताले गर्दा विद्यार्थी केन्द्रित विधि राम्रो हुँदाहुँदै पनि शिक्षक

केन्द्रित विधि ज्यादा प्रयोग गनुपर्ने वाध्यता रहेको कुरा शिक्षकहरु वताउँदछन । त्यसकारण शिक्षकले शिक्षण गर्दा शिक्षण विधिलाई समेत ध्यान दिएर शिक्षण क्रियाकलाप गराएमा सिकाइ उपलब्धि राम्रो हुन सक्दछ ।

उक्त कुरा यो अध्ययनको सिद्धन्तसंग पनि मेल खान्छ । विद्यार्थीको व्यक्तिगत तीब्र वुद्धि र क्षमताका आधारमा एक एक विषयवस्तु जानिसकेपछि स्वत:अर्को विषयवस्तुमा प्रवेश गर्दै आफै सक्रिय हुनुपर्छ । शिक्षक सधै सचेत, जागरुक र आफ्नो प्रभावकारी शिक्षणमा सफल हुनकालागि पाठलाई स-साना एकाईहरुमा विभाजित गरी सिकारुका समक्ष प्रस्तुत गर्नुपर्छ । अनिमात्र सिकारुले ज्ञान प्राप्त गर्न सक्तछन् र सही प्रतिक्रिया वा सिकाइमा पुर्नबल प्रदानगरिन्छ । यसले सिकारुको सिकाइ प्रक्रियाको गतिलाई अघि बढाउँछ । शिक्षण विधिले सिकाइ उपलब्धिमा प्रभाव पार्ने हुँदा उपयुक्त शिक्षण प्रक्रिया र शिक्षण विधि अपनाएर शिक्षण गर्नुपर्ने देखिन्छ । शिक्षण क्रियाकलाप गर्दा विद्यार्थीलाई सक्रिय बनाई उनीहरुलाई नै प्रयोग गर्न लगाएर शिक्षण गरेमा विद्यार्थीले सिक्दछन् । विद्यार्थीले ती कुराहरु जुन समस्याको समाधान आफै सहभागी भएर गर्दछन् । त्यही कुरा राम्ररी सिक्दछन साथै विद्यार्थी केन्द्रित प्रयोगात्मक विधिमा आधारित भएर शिक्षण क्रियाकलाप गर्नुपर्ने कुरामा जोड सवैले दिएको देखिन्छ । शिक्षालाई अधिकारका रुपमा लिइसकेको परिप्रेक्षमा शिक्षा क्षेत्रमा रहेका असमानता र विभेदको अन्त्य गरी सवैको पहुँचको विषय शिक्षा हुनुपर्दछ भन्ने आजको आवश्यकता र मान्यता हो । त्यसैले विद्यार्थी केन्द्रित विधिको प्रयोगले मात्र प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धि हासिल गर्न सहयोग गर्दछ । त्यसकारण सवैलाई समान रुपले  सिकाइ उपलब्धि हासिल हुने प्रकारको शिक्षण विधि अपनाएर शिक्षण गर्नुपर्ने अध्ययनबाट पुष्टि हुन्छ ।

### ४.२.१ छनोट गरिएका विद्यालयको २०६६ सालको अन्तिम परीक्षाको मूल्याङ्कन

अध्ययनको विषय शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्वन्धमा भएको हुनाले सोको अध्ययन गर्नकालागि नमूना छनोट गरिएका विद्यालयको २०६६ सालको अन्तिम परीक्षाको मूल्याङ्कन गर्दा निम्न बमोजिम पाइयो ।


तालिका नं : ४ नमूना छनोट गरिएका विद्यालयका २०६६ सालको अन्तिम परीक्षाको मूल्याङ्कन

| क.सं. | विद्यालयको नाम | कुल औषत प्रतिशत<br>२०६६ सालको |
|---|---|---|
| १ | श्री माहाभारत प्रा.वि. | ३४ |
| २ | श्री सिध्दकाया प्रा.वि. | ३३ |
| ३ | श्री गुप्तिगंगा प्रा.वि. | ३५ |
| ४ | श्री भुमिश्वर नि.मा.वि. | ३४ |
| ५ | श्री ग्रामिण जनता मा.वि. | ४२ |
| ६ | श्री गोलखाडी मा.वि | ३७ |

स्रोत :–विद्यालय अभिलेख २०६६ ।

माथि उल्लेखित परीक्षाको मूल्याङ्कन गर्दा शिक्षक केन्द्रित शिक्षण विधि नमूना छनोट गरिएका विद्यालयहरु मध्ये सवैभन्दा बढी अपनाएको श्री सिध्दकाया प्रा.वि.मा शिक्षक केन्द्रित शिक्षण विधि ७५ प्रतिशत रहेको र उक्त विद्यालयको सिकाइ उपलव्धि सवैभन्दा कम कुल औषत ३३ प्रतिशत मात्र पाइयो भने विद्यार्थी केन्द्रित विधि नमूना छनोट गरिएका विद्यालयहरु मध्ये सवैभन्दा बढी प्रयोग गरिएको विद्यालय श्री ग्रामिण जनता मा.वि.मा ५२ प्रतिशत रहेको र उक्त विद्यालयका सिकाइ उपलव्धि नमूना छनोट गरिएका विद्यालयहरु मध्ये सवैभन्दा धैरै कुल औषत ४२ प्रतिशत पाइन्छ । यसरी अध्ययनले के देखाउछ भने अव आएर शिक्षक केन्द्रित शिक्षण विधि भन्दा विद्यार्थी केन्द्रित शिक्षण विधि उत्तम र प्रभावकारी हुन्छ भन्ने कुरा प्रमाणित भयो । जुन विद्यालयले विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाएका छन् । ती विद्यादयको सिकाइ उपलब्धि पनि उच्च स्तरको हुन्छ भन्ने देखिन्छ । उक्त २०६६ सालको अन्तिम परीक्षाको मूल्याङ्कनलाई स्तम्भ चित्रमा निम्न बमोजिम देखाउन सकिन्छ :–

चित्र नं :- ३ नमूना छनोट गरिएका विद्यालयको २०६६ सालको अन्तिम परीक्षाको मूल्याङ्कन




स्रोत :– विद्यालय अभिलेख २०६६ ।

माथि उल्लेखित परीक्षाको मूल्याङ्कन गर्दा शिक्षक केन्द्रित शिक्षण विधि भन्दा विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोगले सिकाइ उपलब्धि प्रभावकारी हुने देखिन्छ । त्यसकारण प्राथमिक तहमा शिक्षण विधिले सिकाइ उपलब्धिमा प्रभाव पार्दछ भन्ने कुरा पुष्टी हुन्छ । विद्यार्थी केन्द्रित विधिको प्रयोगले विद्यार्थीको सिर्जनात्मक क्षमता अभिवृद्धि गर्ने, विद्यार्थीका अन्तर्निहित क्षमताको प्रष्फूटन हुने र त्यस्तो सिकाइ दिगो हुने हुन्छ । नमूना छनोट गरीएका विद्यालयमा प्रयोग गरेको शिक्षण विधि र परीक्षाको मूल्याङ्कन गर्दा शिक्षण विधिले सिकाइ उपलब्धिमा प्रभाव पारेको देखिन्छ । त्यसमा पनि विद्यार्थी केन्द्रित शिक्षण विधि र अर्न्तक्रियात्मक शिक्षण विधिको प्रयोग गरीएका विद्यालयमा सिकाइ उपलव्धी राम्रो रहेको पाइयो । त्यसकारण हिल्डा टावाले भने जस्तो विद्यार्थीको कियाकलापमा आधारित शिक्षण विधिको प्रयोग गर्दा सिकाइ उपलब्धि राम्रो आउने र विद्यार्थीहरुलाई स्वतःस्फूर्त सिर्जनात्मक रुपले उनीहरुलाई सिक्ने वातावरण मिलाउने कार्य शिक्षकको हो भन्ने कुरा स्कीनरको सिद्धान्तसंग मेल खान्छ । त्यसैगरी सिकाइमा प्रभाव

पार्ने अन्य धेरै तत्वहरु जसले सिकाइ उपलब्धिमा प्रभाव पार्दछ भन्ने सिद्धान्तसंग पनि अध्ययनको निष्कर्ष मेल खान्छ । जुन विद्यालयमा विद्यार्थीहरुलाई सकरात्मक पुनर्वल प्रदान गरीएको छ, विद्यालय भौतिक रुपमा सक्षम छन्, विद्यालयको सम्पूर्ण वातावरण ठिक छ । त्यस्ता विद्यालयको विद्यार्थीको सिकाइ उपलब्धि पनि उच्च स्तरको पाइयो । यसबाट पनि प्रमाणित भयो कि प्राथमिक तहमा शिक्षण विधिले सिकाइ उपलब्धिमा प्रभाव पार्दछ ।

## ४.३. शिक्षण विधिको प्रयोगमा देखिएका समस्याहरु :-

प्राथमिक तहमा विद्यार्थीको सहभागिता शतप्रतिशत पु-याउने लक्ष्य भए ता पनि सहभागिता न्यून रहेको छ । अझ पिछडिएका र सुविधाविहीन वर्गका विद्यालय जाने उमेरका बालबालिकाहरुलाई विद्यालय क्षेत्रमा ल्याउन सकिएको छैन । यसरी शिक्षाबाट पछि परेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन शिक्षण सिकाइ प्रक्रियामानै सुधार ल्याउनु पर्दछ । प्राथमिक तहमा शिक्षण विधि प्रयोगमा देखिएका समस्याहरु निम्न बमोजिम छन :-

१. विद्यार्थीलाई सक्रिय सहभागी गराएर उनीहरुकै सकियतामा शिक्षण गर्नलाई समय अभाव भएको पाइन्छ ।

२. प्रभावकारी शिक्षण विधि गर्न शैक्षिक सामाग्री चाहिन्छ तर ती शैक्षिक सामाग्री खरिद गर्न लाई आर्थिक अभाव छ । मार्गदर्शन र मूल्याङ्कन प्रणालीमा समस्या रहेको पाइन्छ

३. प्रभावकारी शिक्षण गर्न शैक्षिक योजना, नियमित गर्न, प्रक्रियावद्ध गर्नकोलागि सुपरिवेक्षण, गर्नलाई आर्थिक अभाव छ ।

४. दरवन्दी कम भएका विद्यालयमा बहुकक्षा शिक्षण गर्नु पर्ने भएकोले पनि शिक्षण विधि प्रयोगमा समस्या रहेको छ ।

५. विद्यालयले भवन अभाव, कक्षा कोठा अभावले गर्दा प्रभावकारी शिक्षण विधि गर्नमा समस्या रहेको देखिन्छ । बुझाईमा कठिनाई भएर पनि सिकाइ उपलब्धीमा समस्या रहेको पाईन्छ ।

६. अहिले पनि विद्यालयमा पुरानै शैलीमा शिक्षक केन्द्रित शिक्षण विधिनै अपनाएकोले सिकाइ उपलब्धिमा समस्या रहेको पाइन्छ ।

७. शतप्रतिसत बालबालिका राई समूदायबाट आएका र मातृभाषामा शिक्षण नभएकाले बुझाईमा कठिनाई भएर पनि सिकाइ उपलब्धिमा समस्या रहेको पाईन्छ ।

### ४.३.१. शिक्षण विधि प्रयोगमा देखिएका समस्याको समाधानका उपायहरु

शैक्षिक उपलब्धि बढाउनुका साथै शैक्षिक गुणस्तर वृद्धि गर्नकालागि विद्यालयमा सबै वर्ग, समुदाय, जनजाति र लिङ्गको समान पहुँच पुऱ्याउनु पर्ने हुन्छ । विविध कारणवस विद्यालयमा आउन नसकेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउने र उनीहरुलाई विद्यालयमा नियमित गरी शैक्षिक उपलब्धि वृद्धि गर्न प्रभावकारी शिक्षण विधिको प्रयोग गर्नुपर्ने देखिन्छ । यसरी प्राथमिक तहमा शिक्षण विधि प्रयोगमा देखिएका समस्याको समाधानकालागि यस क्षेत्रसंग सम्बन्धित व्यक्तिहरुले दिएका समस्या समाधानका उपायहरु निम्न बमोजिम छन :-

### ४.३.१.क. प्रधानाध्यापक र शिक्षकले दिएको समस्याको समाधानका उपायहरु

विद्यालयमा प्रयोग हुने शिक्षणमा प्रत्यक्ष संलग्न विद्यालयका प्रधानाध्यापक र शिक्षकहरुनै रहेका हुन्छन् । विद्यालयमा प्रयोग हुने शिक्षण विधिका सम्बन्धमा के कस्ता समस्याहरु छन् र यसलाई कसरी समाधान गर्न सकिन्छ भन्ने सम्बन्धमा श्री सिद्धकाया प्रा.वि.का प्रधानाध्यापक श्री चेतनाथ भट्टराईकोले वताएका समस्या समाधानका उपायहरु : जिल्ला शिक्षा कार्यालयलबाट निरन्तर सुपरिवेक्षण गर्नु पर्दछ, विद्यालयमा शिक्षक निर्देशिका र पाठ्यक्रम समयमा नै उपलब्ध गराउनु पर्दछ, शिक्षण विधि सम्बन्धमा बेलाबेलामा अन्तर्क्रिया, छलफल र गोष्ठीको आयोजना गर्नुपर्दछ, आवस्यकता अनुसार शिक्षक केन्द्रित, विद्यार्थी केन्द्रित र अन्तक्रियात्मक विधिको प्रयोग गरिनु पर्दछ ।

त्यसैगरि नमूना छनौटमा परेको विद्यालय श्री गोलखाडिका शिक्षक श्री वीर बहादुर राईले समस्या समाधानका उपायहरु निम्न वताउदछन् : शिक्षकलाई तालिमको व्यवस्था गरिनु पर्ने, उपलब्ध स्रोत र साधनको समूचित परिचालन गर्दै सम्भव भएसम्म अवलोकन विधि, शैक्षिक भ्रमण विधि, भूमिका निर्वाह विधिहरुको प्रयोग गर्दै शिक्षण गरेमा धेरै समस्या निराकरण भएर जान्छन, विद्यालयमा विद्यार्थी, शिक्षक, कर्मचारी नियमित अनुशासित आ-आफ्नो कार्यमा जिम्मेबारीका साथ लागिपर्नु पर्दछ ।

### ४.३.१ ख. स्रोत व्यक्तिले औंल्याएका समस्या समाधानका उपायहरु

प्राथमिक तहमा उपयुक्त शिक्षण विधि प्रयोग गरउनमा त्यस क्षेत्रमा कार्यरत स्रोत व्यक्तिको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षकले के कसरी कस्तो प्रकारको शिक्षण विधि प्रयोग

गरेर शैक्षिक क्रियाकलाप संञ्चालन गरेको छ । सो कुराको अवलोकन समेत गरी ऐन नियम र विधिमा आधारित भएर अध्ययन अध्यापन गर्न गराउन समेत सुझाव दिन सक्ने भएकोले स्रोत व्यक्ति प्राथमिक तहमा उपयुक्त शिक्षण विधि प्रयोग गरउने प्रमुख पथप्रदर्सकका रुपमा रहेका हुन्छन् । त्यस क्षेत्रमा कार्यरत स्रोत व्यक्तिले शिक्षाको स्तर माथि उकास्न र शिक्षकलाई सल्लाह र सुझाव दिन महत्वपूर्ण स्थान लिएको हुन्छ । अध्ययन क्षेत्रका स्रोत व्यक्ति श्री मदन बहादुर राईले दिएको समस्या समाधानका उपायहरुलाई निम्न छन् :- शिक्षण क्रियाकलाप गराउदा विद्यार्थीको सक्रिय संलग्नता रहनु पर्दछ, शिक्षण गर्ने क्रममा विद्यार्थीको अनुशासन र नियमितता ध्यान दिनुपर्दछ, शिक्षामा आएका नवप्रर्वतनलाई अङ्गिकार गरी उपयुक्त शिक्षण विधि प्रयोग गर्नु पर्दछ, शैक्षिक ऐन- नियम र निर्देशिकाको विद्यालयले अनिवार्य पालन गर्नु पर्दछ, विद्यालयमा शिक्षण क्रियाकलाप गराउदा पाठ योजनाका साथमा अध्यापन गराउदा बढी प्रभावकारी भै समस्या समाधान गर्न सकिन्छ, शिक्षण क्रियाकलाप गर्ने क्रममा विद्यार्थीको शैक्षिक उपलब्धिको निरन्तर मूल्याङ्कन गरी सो कुराको रेकर्ड विद्यालयमा राख्नु पर्दछ, विद्यालयमा विद्यार्थी, शिक्षक कर्मचारी नियमित अनुशासित आ-आफ्नो कार्यमा जिम्मेबारीका साथ लागिपर्नु पर्दछ बालबालिकाहरु लाई विद्यालय उपस्थिति गराउन र नियमित बनाउनुका साथै कक्षा छाड्ने दोहो-याउने कार्य कम गर्नका लागि पनि प्रभावकारी शिक्षण विधिको प्रयोग गर्नु पर्दछ ।

### ४.३.१. ग. अभिभावकले औल्याए समस्या समाधानका उपायहरु

विद्यार्थी, शिक्षक र विद्यालय बीच त्रि-पक्षीय सम्बन्धबाट शैक्षिक संस्था संञ्चालित भएका हुन्छन् । शिक्षक, विद्यार्थीका बीच राम्रो सम्बन्ध भएमा शैक्षिक उपलब्धि पनि राम्रो रहन्छ । विद्यालयमा विभिन्न क्षेत्रबाट विभिन्न आर्थिक, सामाजिक, भौगोलिक विविधता भएका बालबालिकाहरु आउने गर्दछन् । सबै विद्यार्थीको समान आर्थिक अवस्था र बौद्धिक स्तर हुन्छ भन्ने छैन । सबै बालबालिहरुलाई सामूहिक भावनाले सबैले लाभ प्राप्त गर्ने गरी शिक्षण गर्नु पर्ने आजको अवश्यकता हो । समाहित शिक्षाको अवधारणा अनुरुप कक्षा शिक्षण गर्दा शिक्षकले त्यस्तो शिक्षण विधिको प्रयोग गर्नु पर्दछ । जसले गर्दा सवै खाले विद्यार्थीको सिकाई उपलब्धि बढ्न सकोस । त्यसैले यहाँ अभिभावक र विद्यालय ब्यवस्थापनका पदाधिकारीहरुले प्राथमिक तहमा शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धमा अभिभावकको श्री भक्त बहादुर राईको विचारमा समस्या समाधानका उपायहरु दिएका छन । जुन निम्न बमोजिम छन् :

शैक्षिक गतिविधिमा अभिभावकको संलग्नता गराउनु पर्छ । जसले गर्दा शिक्षण सिकाइमा आइपरेका विविध समस्या समाधान गर्न सहयोग पुग्दछ, शैक्षिक क्षेत्र त्रिपक्षीय सम्धबाट सञ्चालित हुने भएकाले विभिन्न समस्या समाधानका लागि वेलावेलामा अभिभावकसंग अन्तरक्रिया गराउनु पर्दछ, शैक्षिक योजना निर्माण गर्न साथै व्यवस्थापनमा अभिभावकहरुलाई संलग्न गराउनाले धेरै समस्याको समाधान सहज रुपमा गर्न सकिन्छ, शैक्षिक उपलब्धि बढाउन विद्यार्थीलाई विद्यालयमा नियमित उपस्थित हुने वातावरणको सिर्जना गर्नुपर्छ, बालबालिकाहरुको भासिक कठिनाईमा समस्या रहेकोले कक्षामा उनीहरुले बोलेको कुरा राम्रो ख्याल गर्नुपर्छ, मातृभाषालाई प्राथामिकता दिएर सोही माध्यममा परीक्षा दिने वातावरण सिर्जना गर्नु पर्दछ, विद्यालयमा विद्यार्थी, शिक्षक, कर्मचारी नियमित अनुशासित आ-आफ्नो कार्यमा जिममेवारिका साथ लागि पर्नु पर्दछ, विद्यार्थीहरु कमजोर हुनको कारण पत्ता लगाई उनीहरुको शैक्षिक उपलब्धि बढाउने गरी विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गर्नु पर्दछ ।

# परिच्छेद :- पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१. प्राप्ति

यो अध्ययन प्रतिवेदन धनकुटा जिल्लाको श्री गोलखाडी स्रोतकेन्द्रको "प्राथमिक तहमा शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव " नामक शीर्षकमा तयार पारिएको छ । यो अध्ययन पूरा गर्ने क्रममा प्राथमिक तहको शिक्षण विधि सम्बन्धमा प्रश्नावली, अन्तर्वार्ता सूची, प्रत्यक्ष अवलोकन, सर्वेक्षण फाराम जस्ता प्राथमिक स्रोत र द्वितीय स्रोत अन्तर्गत विद्यालयमा भएका विभिन्न अभिलेखको तथ्याङ्कहरुलाई प्रयोग गरिएको छ । उक्त तथ्याङ्क संकेतका लागि सम्बन्धित विद्यार्थीहरु, अभिभावक, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, स्रोतव्यक्तिले दिएको सुझावका आधारमा अध्ययनलाई अगाडि बढाइएको छ । तथ्याङ्क संकलन गर्ने क्रममा श्री गोलखाडी स्रोतकेन्द्र अन्तर्गतका २३ वटा विद्यालयहरु मध्ये उद्देश्यात्मक छनौट विधिको आधारमा ६ वटा विद्यालयको छनौट गरिएको छ भने उत्तरदाताको छनौटमा पनि सोही विधि अपनाउनको साथै संम्भावनायूक्त छनोट विधिको पनि प्रयोग गरिएको छ । अध्ययन गर्ने क्रममा विद्यालयमा प्रयोग गरिएको शिक्षण विधि र यसबाट सिकाइ उपलब्धिमा पारेको प्रभाव साथै शैक्षिक उपलब्धिमा देखिएको समस्या र समस्या समाधानको उपाय वा सुझावहरुलाई अध्ययनमा समावेश गरिएको छ । उक्त अध्ययनमा निम्न तथ्यहरु प्राप्तिको रुपमा आएका छन् ।

अध्ययनमा समावेश भएका सबै विद्यालयहरुमा विभिन्न जात-जाति, लिङ्ग वर्गका आधारमा तथ्याङ्क प्राप्त गरि प्राथमिक तहमा प्रयोग भएको शिक्षण विधि सम्बन्धको अध्ययनमा शिक्षक केन्द्रित विधि, विद्यार्थी केन्द्रित विधि र अन्तरर्क्रियात्मक विधि प्रयोग भएको पाइयो । त्यसमा पनि आर्थिक, सामाजिक, भौतिक, शैक्षिक, रुपमा सक्षम विद्यालयहरुमा आधुनिक विधि जस्तै शैक्षिक भ्रमण, अभिनय, अवलोकन इत्यादी विधिको प्रयोग गरेको पाइयो भने आर्थिक, सामाजिक, भौतिक, शैक्षिक, रुपमा कमजोर अवस्था रहेको विद्यालयमा त झन समस्या रहेको पाइन्छ । विद्यार्थी केन्द्रित शिक्षण विधि र अन्तरक्रियात्मक शिक्षण विधि प्रयोग भएको विद्यालयहरुमा शैक्षिक उपलब्धि पनि उच्च स्तरको पाईयो ।

## ५.२. निष्कर्ष

शैक्षिक उपलब्धि भन्नुनै शैक्षिक सुधार हो । विद्यालयसंग सम्बन्धित स्रोत व्यक्ति प्रधानाध्यापक, शिक्षक अभिभवक शिक्षाप्रेमी महानुभावहरुका अनुभव एवं आधिकारिक धारणा र तथ्याङ्क विश्लेषण गर्दा प्राथमिक तहमा शिक्षण विधिले शैक्षिक उपलब्धिमा प्रभाव पारेको हुन्छ । अध्ययनबाट के देखिन्छ भने शिक्षण विधिको प्रयोग गर्नकालागि विद्यालयको वातावरण र विद्यालयको अवस्थाले पनि प्रभाव पारेको हुन्छ । विद्यालयको योजना, व्यवस्थापन भौतिक अवस्थाले शिक्षण विधिमा प्रभाव पार्दछ । शिक्षण विधि शैक्षिक कियाकलाप अगाडी बढाउन अनिवार्य शर्त हो । शिक्षण विधिको अभावमा कक्षाकोठा भित्रको शैक्षिक गतिविधि अगाडी बढाउन समेत सकिदैन । त्यसकारण प्रभावकारी शिक्षण विधि कक्षा शिक्षणमा अपनाउन पर्दछ । हुनत प्रभावकारी शिक्षण विधि अपनाउनकालागि समय अभाव, आर्थिक अभाव, भौतिक तत्वको अभाव हुन सक्छ । ती सवै कुरालाई समायोजन गर्दै उपलब्ध स्रोत र साधनको परिचालन गरि अधिकतम शैक्षिक उपलब्धि गराउने हिसावले शैक्षिक गतिविधिका रुपमा शिक्षण विधि अपनाउनु पर्ने हुन्छ । जसले गर्दा राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य, विषयगत उद्देश्य हाँसिल गर्नमा सहजता आई शिक्षाको अवसर सवैलाई प्राप्त हुने र गुणस्तरीय शिक्षा हाँसिल हुने कुरामा दुईमत छैन ।

शैक्षिक उपलब्धि राम्रो हुनु भनेको राष्ट्रको उन्नति र विकास हुनु हो । नेपालमा शैक्षिक विकास गर्नकालागि विद्यालय स्तरीय विविध कार्यक्रमहरु विगतदेखि नै सञ्चालित छन् । जसले विद्यार्थीलाई आफनो पठनपाठन कार्यक्रम अघि बढाउनको लागि सहयोग पुऱ्याएको छ । आजको विश्वमा दिन प्रतिदिन नयाँ नयाँ ज्ञानको विष्फोटन भइरहेको छ, आज पत्ता लागेको कुरा भोलि पुरानो हुने, यो विश्व प्रतिस्पर्धामा भाग लिनकालागि शिक्षित जनशक्तिको आवश्यकता पर्दछ । सबैका लाीग शिक्षा अभियानलाई साकार रुप दिन सबै जातजाति, वर्ग, र लिङ्गका बालबालिकाहरुको शिक्षामा पहुँच पुऱ्याउनु पर्दछ । यसका लाीग विभिन्न कारणवश पछाडि परेका र पछि पारिएका बालवालिकाहरुलाई शिक्षाको मुलधारमा ल्याउनु पर्दछ । यस्तो कार्यमा केही मात्रामा भएपनि शिक्षण विधिको पनि महत्वपूर्ण भूमिका रहन्छ । यो अनुसन्धानमा पनि शैक्षिक उपलब्धि हासिल गर्न शिक्षण विधिले प्रभाव पार्ने कुरा माथिको अध्ययनको निष्कर्षमा भन्न सकिन्छ । विद्यालयमा सकारात्मक वातावरणको निर्माण गर्नु पर्दछ । सबै जात-

जाति, लिङ्ग, वर्गका बालबालिकाको विद्यालयमा अध्ययन गर्न पाउने अधिकार सुनिष्चित गर्नु पर्दछ । बालबालिकाहरुलाई विद्यालयमा उपस्थिति नियमित बनाउन र उनिहरुको कक्षा छाड्ने र दोहो-याउने प्रवृत्तिलाई कम गर्नकालागि पनि प्रभावकारी शिक्षण विधिको प्रयोग गर्न आवश्यक छ ।

## ५.३. सुझावहरु :-

शिक्षा क्षेत्रमा सरकारले आफ्नो राष्ट्रिय वजेटको १६/१७ प्रतिशत रकम लगानी गरेता पनि उपलब्धि भने जस्तो भैरहेको छैन । सवैकालागि शिक्षा पुऱ्याउने लक्ष्य राखेर विभिन्न कार्यक्रमहरु ल्याइएको भएतापनि सवैको  शिक्षामा पहुच पुगीरहेको छैन् । सरकारले सबैलाई शिक्षाक्षेत्रमा सहभागिता बढाई समानता ल्याउन विभिन्न नीति, एवं कार्यक्रम कार्यान्वयनमा ल्याएता पनि आशातीत सफलता प्राप्त गर्न सकेको छैन । शिक्षण विधिका विविध कमी कमजोरी रहँदा रहँदै पनि यसले विद्यालयमा सबै जात-जाति, भाषा-भाषी, वर्ग र लिङ्गको समान पहुँच वृद्धि गर्न सहयोग पुगेको छ । अझ यसलाई प्रभावकारी रुपमा सञ्चालन गर्नु आजको आवश्यकता बनेको छ । सन. २०१५ सम्ममा 'सबैका लागि शिक्षा' कार्यक्रम सफल बनाउन यस्ता कार्यक्रमको भूमिका अझ महत्व बढको छ । पिछडिएका जात-जाति, वर्ग, समुदाय, जो विद्यालय शिक्षाबाट वञ्चित छन् । उनीहरुलाई शिक्षा क्षेत्रमा ल्याउन बौद्धिक अगुवाहरु, नेपाल सरकार र दातृ संस्थाहरु, समेतले लक्षित समूहको विद्यालय प्रवेश र शैक्षिक उपलब्धिलाई बढाउन पहल गर्नु पर्ने देखिन्छ ।

विद्यालयमा प्रयोग गरिने शिक्षण विधिका सम्बन्धमा सबै सरोकारवालाहरुलाई पूर्ण जानकारी गराउने । बौद्धिक अगुवाहरु र अभिभावकहरुको राय-सुझावहरुलाई आत्मसात गर्नु पर्दछ  । शिक्षण विधि र प्रक्रियामा के कस्ता सुधार गर्नु पर्दछ भन्ने विषयमा जानकारी प्रदान गर्नु पर्ने देखिन्छ । त्यसकारण आगामी दिनमा यसलाई अझै प्रभावकारी बनाउदै लैजानु पर्ने हुन्छ । यसरी अध्ययन अनुसन्धान गर्ने क्रममा देखिएका समस्या समाधानका उपाएहरु जुन सुझावका रुपमा निम्न बमोजिम दिन सकिन्छ  ।

### ५.३.१. अध्ययन गरेको समुदाय तथा विद्यालयलाई सुझावहरु  :-

विद्यालयहरु कुनै न कुनै समाज अन्तर्गत संञ्चालित भएका हुन्छन् । विद्यालय पनि एउटा सानो समाजनै हो । त्यसकारण समुदायबाट आएका विभिन्न जात-जाति, भाषा-भाषि,

भिन्न सँस्कृति र मान्यता भएका बालबालिकाहरु विद्यालयमा आएका हुन्छन् । उनीहरु सवैलाई समाहित गरेर उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै प्रभावकारी शिक्षण गर्न गराउन समुदाय र विद्यालयलाई उपयुक्त शिक्षण विधि र त्यसबाट सिकाइ उपलब्धि बढाउन निम्न सुझाव दिन सकिन्छ :-

१ अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई विद्यालयमा भर्ना अनिवार्य गराउनु पर्दछ ।

२. छोरा र छोरी भेदभाव नगरी विद्यालय पढ्न पठाउनु पर्दछ ।

३. अभिभावकहरुले विद्यालय खुलेको समयमा विद्यार्थीलाई घरमा काम लगाएर नराखी विद्यालय पठाउनु पर्दछ ।

४. विद्यालयले पनि विद्यार्थी भर्ना अभियानमा प्रचार प्रसार चेतना फैलाएर सवै बालबालिकालाई विद्यालयमा आउने वातावरण सिर्जना गर्नु पर्दछ ।

५. समुदाय र विद्यालय दुवै मिलेर विद्यालयको भौतिक पूर्वाधारहरुको आवश्यकता अनुसार सुधार गर्दै लैजानु पर्दछ ।

६. विद्यालयले बिद्यार्थीलाई बिद्यालयमा नियमित उपस्थित हुने वातावरण तयार पार्नुपर्दछ ।

७. शिक्षकलाई कक्षाकोठामा शिक्षण गर्न जादा आवश्यक योजना सहित शैक्षिक सामग्री उपलब्ध गराउनुपर्दछ ।

८. बिद्यालय र समुदायको अन्योन्याश्रित सम्बन्ध रहने भएकोले बेलाबेलामा अभिभाबक भेला बैठक एवं छलफलको वातावरण तयार पार्नुपर्दछ ।

९. बिद्यालय आउन नसक्ने अशक्त, असहाय, दलित, पिछडिएका समुदायका बालबालिकालाई छात्रबृत्ति लगायतका सुबिधा प्रदान गरि विद्यालय आउनकालागि उत्प्रेरित गर्नुपर्दछ ।

१०. शैक्षिक उपलब्धि बढाउन बिद्यालय समुदाय दुवै मिलेर हरदम प्रयासरत रहनुपर्दछ ।

११. भाषिक कठिनाई भएकाले बालबालिकालाई अधिकतम नेपाली भाषा प्रयोगमा जोड दिदै विद्यालय हाम्रो हो सवै मिलेर यसको विकास गर्नु पर्दछ भन्ने भावना जागृत गर्नू पर्दछ ।

## ५.३.२.प्रधानाध्यापक र शिक्षकलाई दिइएको सुझाव

विद्यालयको योजना निर्माण प्रशासन सञ्चालन र व्यवस्थापनमा प्रमुख जिम्मेवारी प्रधानाध्यापकको हुन्छ भने त्यसमा साथ दिने कार्य अन्य शिक्षकको रहन्छ । विद्यालयमा सवै मिलेर कार्य गरेमा विद्यालयको विकास र उन्नति हुनुका साथै शैक्षिक सुधार पनि हुन्छ । त्यसकारण प्राथमिक तहमा शिक्षण विधिको प्रयोग गरी सिकाइ उपलब्धि बढाउनकालागि प्रधानाध्यापक तथा शिक्षकलाई निम्न सुझाव दिन सकिन्छ :-

१. विद्यालयमा शिक्षकको क्षमता अभिवृद्धिकालागि विशेष कार्यकमहरु समय-समयमा सँञ्चालन गरिनु पर्दछ ।

२. शिक्षाको ऐन, नियम, निति, निर्देशनको प्रभावकारी कार्यन्वयनमा ध्यान दिनु पर्दछ ।

३. सरकारको नीति तथा कार्यक्रमलाई लक्ष्य अनुरुप पुरा गर्ने प्रयासमा लाग्नु पर्दछ ।

४. विद्यालयलाई प्राप्त विभिन्न सुविधाहरुको उपयोग गराउदै विद्यार्थीलाई सिकाइ प्रति उत्प्रेरित गरी शिक्षाको लक्ष्य पुरा गराउनु पर्दछ ।

५.प्रधानाध्यापक र शिक्षकहरुले पेशागत जिम्मेवारी सम्झेर शिक्षण सिकाइ कियाकलाप कुशलताकासाथ अगाडि बढाउनु पर्दछ ।

६. विद्यालय र समुदायमा रहेका स्थानीय स्रोत र साधनको अधिकतम परिचालनमा ध्यान दिनु पर्दछ ।

७. विद्यालयमा प्रधानाध्यापकले नियमितता, समयपालन र कक्षा सञ्चालनमा महत्वपूण भूमिका

निर्वाह गरि आवस्यकता अनुसार कक्षा लिने र शिक्षकलाई कक्षा लिन लगाउने ।

८. शैक्षिक उपलब्धि हासिल गर्नकालागि पुरस्कार र दण्डको नीति अपनाउनु पर्दछ ।

९. विद्यालयलाई प्रदान गरिएका अनुदान र अन्य स्रोतहरुलाई सदुपयोग गरी विद्यालयको उन्नति तर्फ सदैव लाग्नु पर्दछ ।

१०. विद्यालयमा वार्षिक कार्यतालिका, वाषिक योजना, पाठयोजना जस्ता योजनाका साथमा शैक्षिक क्रियाकलाप अगाडि बढाउनु पर्दछ ।

११. विद्यालयका शिक्षक र कर्मचारिहरुमा समन्वय कायम गरि शिक्षक, कर्मचारि तथा अभिभावकहरुका वीचमा पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने ।

### ५.३.३. राज्य वा सरकारलाई दिइएको सुझाव :-

शिक्षा सम्बन्धी नीति निर्माण गर्ने शिक्षाको विकास गर्ने मुख्य अङ्गनै राज्य वा सरकार हो । बालवालिकालाई गुणस्तरीय शिक्षा प्रदान गरी शिक्षामा बढी भन्दा बढी उपलब्धि हासिल गर्नु गराउनु राज्यको दायित्व पनि हो । त्यसकारण प्राथमिक तहमा शिक्षण विधिको प्रयोग गरी सिकाइ उपलब्धि बढाउनकालागि राज्य वा सरकारलाई निम्न सुझाव दिन सकिन्छ :-

१. विद्यालयलाई राजनैतिक प्रभावबाट मुक्त राख्नु पर्दछ ।
२. राज्य वा सरकारले शिक्षामा गर्ने लगानीमा वृद्धि गरिनु पर्दछ ।
३. राज्य वा सरकारले व्यावसायिक र रोजगारमुलक शिक्षामा जोड दिनु पर्दछ ।
४. विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धिकालागि वि.व्य.स., शिक्षक र अभिभावकहरु बीच समय समयमा छलफल र अन्तरर्किया भइरहनु पर्दछ ।
५. सरकार शैक्षिक दायित्वबाट पन्छिन मिल्दैन त्यसैले विद्यालयका हरेक कियाकलापको सुपरिवेक्षण निरन्तर हुनु आवस्यक छ ।
६. एकमुष्ट अनुदानको प्रलोभन मात्र हैन आवस्यकता अनुसार विद्यालयलाई आर्थिक अनुदान प्रदान गरिनु पर्दछ ।
७. शिक्षाको मूलधारमा आउनबाट बन्चित विद्यार्थीलाई विभिन्न प्रकारका सहुलियत दिएर विद्यालयमा आउने वातावरण सिर्जना गर्नु पर्दछ ।
८. शिक्षकलाई समयानुसार समुचित तलव भत्ता र सुविधा प्रदान गरी तालिमको निरन्तर व्यवस्था गर्नु पर्दछ ।
९. विद्यार्थीलाई सिर्जनशिल र सक्रिय बनाउने पाठ्यक्रममा जोड दिदै शिक्षा नीति र कार्यक्रममा समयानुकूल परिमार्जन गर्दै लैजानु पर्दछ ।

### ५.३.४. थप अध्ययनका लागि सुझाव

कुनै एक विषयमा गरिएको अध्ययनबाट भएका निष्कर्षहरु सोही विषयका अन्य पक्षहरुको अध्ययनकालागि आधार हुने गर्दछन् । कुनै एक विषयमा भएको अध्ययनले सो विषयको सम्पूर्ण क्षेत्रलाई समेट्न सकेको हुँदैन । यो अनुसन्धानले यसै विषयको अन्य अनुसन्धानका सम्वन्धमा सहयोग पुर्‍याउन सक्दछ तर यो अध्ययननै पूर्ण भने होइन ।

त्यसकारण प्राथमिक तहमा शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव एव शिक्षण विधिका सम्बन्धमा थप अध्ययनका लागि सुझावहरु दिन सकिन्छ :-

१. समयानुसार शिक्षण विधि र प्रविधि परिवर्तन हुदै जाने हुँदा थप अध्ययन अनुसन्धान गर्नु पर्दछ ।

२. शिक्षण विधिले शिक्षण सिकाइ कियाकलापमा पार्ने प्रभावकारिता पत्ता लगाउन अध्ययन गरिनु पर्दछ ।

३. विद्यालयको विकास र शिक्षण विधिमा सुधार ल्याउन स्थानीय साधन र स्रोतको परिचालन सम्बन्धमा अध्ययन गर्ने ।

४. शिक्षकको वृत्ति विकासले सिकाइमा प्रभाव पार्दछ भन्ने सम्बन्धमा अध्ययन गर्ने ।

५. शिक्षा विकासकालागि सरकार स्थानीय निकाय, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापकको भूमिकाको सम्बन्धमा थप अध्ययन गर्ने ।

६. सरकारले शिक्षा क्षेत्रमा गरेको लगानी अनुरुप प्रगति र प्रतिफल आउन नसक्नुको कारण पत्ता लगाउन अध्ययन हुनु आवस्यक छ ।

७. शिक्षाको संख्यात्मक विकास भएतापनि गुणात्मक विकास हुन नसकेर बेरोजगारीको समस्या बढीरहेको अवस्थामा यस्तो समस्या समाधानका सम्बन्धमा अध्ययन गर्न आवश्यक छ ।

८. शिक्षा विकासकालागि शिक्षक, विद्यार्थी र अभिभावकको त्रिपक्षीय सम्वन्ध रहन्छ भन्ने सम्वन्धामा प्रष्ट पार्नकालागि अध्ययन हुन आवस्यक छ ।

# सन्दर्भ सूची

अधिकारी, विष्णु प्रसाद (२०६४), **प्राथमिक शिक्षक दिग्दर्शन**, आषिश पुस्तक भण्डार : भोटाहिटि ; काठमाण्डौ ।

उपध्याय ,लोकप्रसाद ( २०६१ ), **तनहूँ जिल्लाको प्राथमिक विद्यालयहरुको शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने तत्वहरु** महेन्द्ररत्न क्याम्पस,ताहाचल ; काठमाण्डौ ।

काफ्ले, वासुदेव (२०६३), **शिक्षाका आधारहरु ,** सनलाइट पब्लिकेशन : कीर्तिपुर, काठमाडौं ।

काफ्ले, वासुदेव,गौडेल यादव र अन्य (२०६५), **शिक्षाको वित्तशास्त्र ,** सनलाइट पब्लिकेशन : कीर्तिपुर ; काठमाडौं ।

के.सी., फत्तवहादुर (२०६०), **सङ्गठनात्मक व्यवहार,** नविन प्रकाशन : भोटाहिटी ; काठमाडौं ।

कोइराला, विद्यानाथ र अन्य (२०६२), **शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,** विद्यार्थी पुस्तक भण्डार : भोटाहिटी ; काठमाडौ ।

खनाल, पेसल (२०६२), **शैक्षिक अनुसन्धान पद्धति**, सनलाइट पब्लिकेशन : कीर्तिपु ; काठमाडौ ।

ढकाल,माधव प्रसाद र श्रेष्ड चन्द्र बहादुर (२०६३), **शिक्षाका आधारहरु,** रत्न पुस्तक भण्डार : कमलपोखरी ; काठमाण्डौं ।

थापा, राम ( २०६६ ), **धनकुटा जिल्लाको निम्न माध्यमिक शिक्षा उतिर्ण परीक्षाको परीणाममा प्रभाव पार्ने तत्वहरु,** महेन्द्ररत्न क्याम्पस,ताहाचल ; काठमाण्डौ ।

दुलाल,राम ( २०६६ ), **मोरङ्ग जिल्लाको निम्न माध्यमिक तह विज्ञान विसयको शिक्षण सिकाइमा तालिम प्राप्त र अप्राप्त शिक्षक वीच शैशिक सामाग्री प्रयोगमा तुलना :** सुकुना बहुमुखि क्याम्पस, इन्द्रपुर ; मोरङ ।

नेपालको अधिराज्यको संविधान (२०४७), **नेपाल कानून किताव व्यवस्था समिति** : बबरमहल ; काठमाडौ ।

नेपालको अन्तरिम संविधान २०६३ (पाँचौं संशोधन सहित), मकालु प्रकाशन : काठमाण्डौ ।

नेपाल सरकार राष्ट्रिय योजना आयोग (२०६४), **तिनवर्षीय अन्तरिम योजना** (२०६४–२०६७) : काठमाडौ ।

बराल, चन्द्रप्रसाद ( २०६२), **सामूदायिक तथा संस्थागत विद्यालयहरुमा शिक्षण सिकाई र एस एल सी परीक्षाका उपलब्धिमा पारेको प्रभाव** :महेन्द्ररत्न क्याम्पस,ताहाचल; काठमाण्डौ ।

भट्टराई, महेश ( २०६५ ), **प्राथमिक विद्यालयमा छात्रा भर्ना स्थिति र नियमितताले शिक्षण सिकाइ कार्यमा पारेको प्रभाव :** महेन्द्ररत्न क्याम्पस,ताहाचल ; काठमाण्डौ ।

राई रणबहदर ( २०६६ ), **अभिभावको आर्थिक स्थितिले प्राथमिक तहमा विद्यार्थीको शैक्षिक** उपलब्धिमा पारेको प्रभाव : इन्द्रपुर ; मोरङ्ग ।

रेग्मि, मुरारी प्रसाद, डा श्रेष्ठ रीता र अन्य (२०६१), **कक्षा कोठामा मनोविज्ञान**, न्यू हिरा बुक्स इन्टर प्राइजेज : काठमाडौं ।

वाग्ले, मनप्रसाद र कार्की उपेन्द्र कुमार (२०५१), **शिक्षाका आधारहरु,** विद्यार्थी पुस्तक भण्डार : कमलपोखरी ; काठमाण्डौ

शर्मा एण्ड शर्मा (२०६३, **शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,** एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्युर्टस : काठमाडौ ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६१ ) , **कक्षा कोठामा मनोविज्ञान, भोटाहिटी**, काठमाडौ : एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्युर्टस ।

शर्मा एण्ड शर्मा (२०६१ ) , **पाठ्क्रम र मूल्याङ्कन,** एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्युर्टस : काठमाडौ ।

शिक्षा विभाग (२०५९) **दशौ पञ्चवर्षिय योजना मस्यौदा**, काठमाडौः शिक्षा विभाग

**शिक्षा विभाग (२०६४), शिक्षा विभागद्धारा गरिएका अध्ययनहरुको प्रतिवेदन** (२०६३ –२०६४) : सानोठिमी ; भक्तपुर ।

शैक्षिक जनशक्ति विकाश केन्द्र (२०६६), **प्रशिक्षक प्रशिक्षण निर्देशिका;** सानोठिमि , भक्तपर : लेखक ।

## शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव

# अनुसूची-१

### विद्यालय सर्वेक्षण फाराम - २०६७

१. क. विद्यालयको नाम र ठेगाना : ख. सञ्चालित कक्षा

२. विद्यालयको विद्यार्थी विवरण

| कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| जम्मा | | | |

३. विद्यालयका विद्यार्थी अन्य विवरण, २०६७

| कक्षा | भर्ना सङ्ख्या | कक्षा छाड्ने सङ्ख्या | | उतीर्ण प्रतिशत | |
|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| जम्मा | | | | | |

४. प्रा. वि. तहको कुल औषत २०६७ सालको र विद्यार्थी उपस्थिति

## शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव

# अनुसूची-२

## विद्यार्थी अवलोकन फारम :-

विद्यार्थीको नाम :- कक्षा :-

विद्यालयको नाम :-

| क.सं. | विवरण | उच्च | मध्यम | सामान्य | निम्न |
|---|---|---|---|---|---|
| १. | विद्यार्थी उपस्थिति | | | | |
| २. | कक्षा सरसफाई | | | | |
| ३. | सहभागिता | | | | |
| ४. | नियमितता | | | | |
| ५. | विद्यार्थीले प्रवचन सुन्छ मात्र | | | | |
| ६. | विद्यार्थीले पढ्छ मात्र | | | | |
| ७. | विद्यार्थीले छलफलमा भाग लिन्छ | | | | |
| ८. | शैक्षिक कियाकलापमा भाग लिन्छ | | | | |
| ९. | अनुशासन पालन | | | | |
| १०. | विषयगत दक्षता | | | | |
| ११. | अतिरिक्त कियाकलाप | | | | |
| १२. | शिक्षकसंगको सम्बन्ध | | | | |

## शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची- ३

### प्रश्नावली :-

१. तपाई कुन शिक्षण विधिमा जोड दिनु हुन्छ ?

१. शिक्षक केन्द्रित विधि २.विद्यार्थी केन्द्रित विधि ३.अन्तर्कियात्मक शिक्षण विधि

२.तपाईको स्रोत केन्द्रमा, विद्यालयमा, कुन शिक्षण विधि ज्यादा प्रयोग गरेको पाउनु हुन्छ ?

१. शिक्षक केन्द्रित विधि २.विद्यार्थी केन्द्रित विधि ३.अन्तर्कियात्मक शिक्षण विधि

३. तपाईलाई शिक्षण सिकाइ सम्वन्धमा सिक्षण विधिले प्रभाव पार्छ जस्तो लाग्छ ?

१. लाग्छ २. लाग्दैन

४. शिक्षण विधि सम्वन्धमा के कस्तो अनुभव छ ?

५. शिक्षण विधिले सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पार्छ ?

६.शिक्षण विधि सम्वन्धमा के कस्ता समस्या देख्नु भएको छ ?

७. शिक्षण विधि सम्वन्धका समस्या समाधान गर्न के कस्तो सुझाव दिनु हुन्छ ?

## शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव

# अनुसूची-४

## अन्तवार्ता सूची :-

१. तपाइको नाम ठेगाना पेशा बताई दिनु होस ?

२.तपाईको स्रोत केन्द्रमा, विद्यालयमा, कुन शिक्षण विधि ज्यादा प्रयोग गरेको पाउनु हुन्छ ?

१. शिक्षक केन्द्रित विधि २.विद्यार्थी केन्द्रित विधि ३.अन्तर्कियात्मक शिक्षण विधि

३. तपाईको स्रोत केन्द्रमा, विद्यालयमा कुन शिक्षण विधि ज्यादा प्रयोग गरेको पाउनु हुन्छ ?

१. शिक्षक केन्द्रित विधि २.विद्यार्थी केन्द्रित विधि ३.अन्तर्कियत्मक शिक्षण विधि

४. शिक्षण विधि सम्वन्धमा के कस्तो अनुभव छ ?

५. शिक्षण विधिले सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पार्छ ?

६.शिक्षण विधि सम्वन्धमा के कस्ता समस्या देख्नु भएको छ ?

७. शिक्षण विधि सम्वन्धका समस्या समाधान गर्न के कस्तो सुझाव दिनु हुन्छ ?

## शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव

# अनुसूची-५

## विद्यार्थीसंग गरिएको अन्तवार्ता सूची :-

विद्यालयको नाम : -

विद्यार्थीको नाम : -

कक्षा : - उमेर : - जाति : -

१. तिम्रो नाम ठेगाना के हो ?

२. तिमि कति कक्षामा पढ्छौ ?

३ तिम्रो आर्थिक अवस्ता कस्तो छ ?

क. निम्न ख. मध्यम ग. उत्तम

४. तिमिलाई विद्यालयमा कुन शिक्षण विधिको प्रयोग गर्नु राम्रो हो जस्तो लाग्छ ?

१. शिक्षक केन्द्रित विधि २.विद्यार्थी केन्द्रित विधि ३.अन्तर्कियात्मक शिक्षण विधि

५. तिम्रो कक्षामा कुन शिक्षण विधिको प्रयोग ज्यादा हुन्छ ?

१. शिक्षक केन्द्रित विधि २.विद्यार्थी केन्द्रित विधि ३.अन्तर्कियात्मक शिक्षण विधि

६. कक्षामा के कस्ता कियाकलाप हुन्छन ?

७. विद्यालयको अतिरिक्त कियाकलापमा भाग लिएका छौ ?

८. कक्षामा कति जना विद्यार्थी एउटा कोठामा बस्छौ ?

९. एउटा कोठामा कतिवटा कक्षाको पढाइ हुन्छ ?

# शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची-६

२ **अध्ययन क्षेत्रको विद्यार्थी र शिक्षक विवरण**

| क.सं. | विद्यालयको नाम | छात्रा | छात्र | जम्मा | शिक्षक | महिला | पुरुष |
|---|---|---|---|---|---|---|---|
| १ | श्री पशुपति प्रा.वि. | २७ | २० | ४७ | ३ | १ | २ |
| २ | श्री भगवति प्रा.वि. | ३२ | ३३ | ६५ | ५ | ३ | २ |
| ३ | श्री माहाभारत प्रा.वि. | २१ | ३४ | ५५ | ४ | १ | ३ |
| ४ | श्री अमर प्रा.वि. | १२ | १३ | २५ | ३ | १ | २ |
| ५ | श्री ग्रामिण जनता मा.वि. | २८० | २०८ | ४८८ | १८ | ४ | १४ |
| ६ | श्री कन्या प्रा.वि. | ४३ | ४३ | ८६ | ५ | १ | ४ |
| ७ | श्री गोलखाडी मा.वि | २९ | १९७ | ४२६ | १५ | ३ | १२ |
| ८ | श्री जगदम्बा प्रा.वि. | २५ | १३ | ३८ | ३ | १ | २ |
| ९ | श्री जनसेवा प्रा.वि. | ६० | ५२ | ११२ | ५ | १ | ४ |
| १० | श्री सिध्दकाया प्रा.वि. | २८ | २९ | ५७ | ३ | | ३ |
| ११ | श्री भुमिश्वर नि. मा.वि. | ११२ | १०२ | २१४ | १० | ४ | ६ |
| १२ | श्री वालकल्याण प्रा.वि. | २१ | २३ | ४४ | ४ | १ | ३ |
| १३ | श्री लक्ष्मी मा.वि. | २३६ | २६६ | ५०२ | १२ | ३ | ९ |
| १४ | श्री लोकप्रिय प्रा.वि. | १५ | १५ | ३० | २ | | २ |
| १५ | श्री गुप्तिगंगा प्रा.वि. | १७ | १८ | ३५ | ३ | | ३ |
| १६ | श्री गैयालक्ष्मी प्रा.वि. | ६२ | ५२ | ११४ | ४ | २ | २ |
| १७ | श्री पञ्चकन्या प्रा.वि. | २९ | २७ | ५६ | ४ | | ४ |
| १८ | श्री जनकल्याण प्रा.वि. | २४ | २४ | ४८ | ४ | १ | ३ |
| १९ | श्री प्रतिमान प्रा.वि. | १४ | १५ | २९ | ३ | | ३ |
| २० | श्री सरस्वती प्रा.वि. | ६० | ४६ | १०६ | ४ | | ४ |
| २१ | श्री जनजागरण प्रा.वि. | ३७ | ४२ | ७९ | २ | १ | १ |
| २२ | श्री वराहलक्ष्मी मा.वि. | १५० | १४३ | २९३ | ११ | २ | ९ |
| २३ | श्री सिंहकाली मा.वि. | १४४ | १४१ | २८५ | १२ | २ | १० |
| | जम्मा | १६७८ | १५५६ | ३२३४ | १३९ | ३२ | १०७ |

स्रोत :– श्री गोलखाडी स्रोत केन्द्र अभिलेख २०६७ ।